Vol. 1, Issue 4, January 2014

HOT NEPAL Monthly

# हट नेपाल

वर्ष १, अंक ४, माघ–फागुन २०७०, मूल्य रू ३०।-



राजेश हमालको
बिहे हल्ला मात्र

मिसेस नेपालको
लङ ड्राइभ

रोल मोडलको
महँगो रेट

नेपालमा सुटिङ
चीनमा चर्चित

लाखौंका
नेत्रज्योति

## बिहेअघिको सम्बन्ध
## नो प्रोब्लम

Wide coverage of more than 20 districts from Himal to Terai



- Operating Since 2007
- Cent Percent Yours
- High Technology Transmission



**Our sector of interest:**

- Tourist Guide
- Consumer Guide
- Development Guide
- Entertainment Guide
- News/Information Guide


Coverage beyond border via www.cfmonair.com with 100,000 listeners/visitors.

capitalFM™ 92.4 cent percent yours.....

P.O.Box.11276
Thapagaun, New Baneshwor, Kathmandu
Ph.01-4475345/01-4475346
Email: info@cfmonair.com

KGH
HOTELS
CHITWAN

# Maruni Sanctuary Lodge



Vol. 1, Issue 4, January 2014

HOT NEPAL Monthly

# हट नेपाल

वर्ष १, अंक ४, माघ-फागुन २०७०

मनोरञ्जन र जीवनशैली मासिक




आवरण तस्वीर : राजीव श्रेष्ठ

जि.प्र.का. काठमाडौं द.नं. २१६/२०७०/०७१

**सम्पादक**
यादवराज पाठक (व्याकुल पाठक)

**कार्यकारी सम्पादक**
श्याम स्मृत

**फोटोग्राफर**
राजीव श्रेष्ठ, अजय देशार

**मार्केटिङ**
बबिता सिंखडा

**लेआउट/ग्राफिक**
श्याम स्याङ्बो

**प्रमुख अधिकृत वितरक/काठमाडौं**
काष्ठमण्डप डिस्ट्रिब्युसन प्रालि
झोछें, काठमाडौं, फोन : ०१-४२४७२४१

**प्रमुख अधिकृत वितरक/मोफसल**
एलाइट न्यूजपेपर डिस्ट्रिब्युटर
नरदेवी, काठमाडौं, फोन : ०१-४२६१९४८

**मुद्रक**
सुप्रवाह प्रकाशन प्रालि
कुलेश्वर, काठमाडौं

**प्रकाशक**
Dream Nepal Publications (P.) Ltd.
ड्रिम नेपाल पब्लिकेसन्स प्रालि
गोंगबु, काठमाडौं
फोन : ०१-४३५६१४१

## १०

### इण्डियन आइडल भेलेन्टाइनको खोजीमा

भेलेन्टाइन मुडमा फिल्म अँगालो यो मायाको हिरोइन हर्षिका श्रेष्ठसँग काठमाडौंका ख्यातिप्राप्त फोटोग्राफर राजीव श्रेष्ठसँग फोटोसुट गर्दा प्रशान्त तामाङ निक्कै लजाएका थिए । जति लजाए पनि फोटोको लागि भेलेन्टाइन एक्सप्रेसन दिन जानेकै भेलेन्टाइन भएको दाबी फोटोग्राफर श्रेष्ठको छ ।





## २२

### मिसेस नेपालको लङ ड्राइभ

ड्राइभिङ, कुकिङ तथा सपिङमा रूचि राख्ने अनिताले कामको बोझले थाकेका श्रीमान्‌लाई लङ ड्राइभ गरेर रिफ्रेस गर्ने गरेकी छन् । बिहे भएको सात वर्ष बितिसक्दा पनि अनिता र तिलकलाई धेरैले गर्लफ्रेन्ड तथा ब्वाइफ्रेन्ड भन्ने गरेका छन् ।

## २४

### लाखौंका नेत्रज्योति

आँखा अस्पतालको स्थापनापछि राजधानी काठमाडौं र वरिपरिका जिल्लाका आँखा रोगीको उपचार सहज भएपछि डा. पोखरेलले मोफसलका जनताको उपचारको योजना बुन्न थाले ।





## ३६

### नेपालमा सुटिङ चीनमा चर्चित

'वायुभन्दा माथि' शीर्षकको चलचित्रमा पाँच खण्डको चार खण्डका दृश्यहरु नेपालका विभिन्न ठाउँमा खिचिएको हो । चलचित्र छायांकन टोलीले अघिपछि गरी नेपालका चितवन, पोखरा र राजधानी काठमाडौंमा शृंखलाबद्ध रमणीय दृश्यहरु खिचेको थियो ।

## ४०

### विदेशमा मेसेन्जर

गीत-संगीतको माध्यमबाट समाजमा सकारात्मक सन्देश प्रवाह गर्न कटिबद्ध मेसेन्जर ब्याण्डमा गायक राजेश हमालका अलावा डिजे रविन राजभण्डारी, गायक समीर हमाल क्रियाशील छन् ।



Registration number **DAO KTM 216/070/71** | **Hot Nepa**l, a monthly magazine is published by **Dream Nepal Publiications Pvt. Ltd.** | **Address:** Gongabu, Kathmandu, **Phone:** 01-4356141 | **Email :** hotdreamnepal@gmail.com | Chairman and Editor-in-Chief: **Byakul Pathak**

सम्पादकीय



# रोलमोडलको जिम्मेवारी

चाहे जुनसुकै क्षेत्रको किन नहोस्, रोलमोडल बन्नु ठूलो सौभाग्यको विषय हो । आफ्नो क्षेत्रमा एउटा उचाइमा पुगिसकेका व्यक्तित्वलाई जनस्तरमा रोलमोडलका रूपमा स्विकार्ने गरिन्छ । उनीहरूले गर्ने हरेक क्रियाकलाप समाजका लागि अनुकरणीय बन्न पुग्छन् । राजनीति, प्रशासन, सुरक्षा, कलाकारिता, समाजसेवा, खेलकुद, चिकित्सा, उड्डयन, वाणिज्य, विज्ञान-प्रविधि, साहित्य-कला, पत्रकारितालगायत यावत क्षेत्रमा चाहे सानै संख्यामा किन नहोस् आदर्श व्यक्ति रहेका हुन्छन् । आफ्नो क्षमताले समाज र राष्ट्रलाई योगदान पुऱ्याएका अथवा राष्ट्रको नाम विश्वमा चिनाएका व्यक्तित्वका स्थान अवश्य पनि माथि हुन्छ । त्यस्ता व्यक्तित्वका नाम लिनासाथ नै नागरिकको मनमा एक किसिमको श्रद्धाभाव स्वतः जागृत भइदिन्छ । यो स्थान प्राप्त गर्न सजिलो छैन । वर्षौंको त्याग, तपस्या र कठोर मेहनतले मात्र आफ्नो क्षेत्रको उचाइको यात्रा सहज बन्नसक्छ । सभ्य, शान्त, विकसित देश निर्माणमा रोलमोडलहरूको भूमिका पनि महत्वपूर्ण हुन्छ । रोलमोडलहरु कुनै निर्णायक पदमै हुनुपर्छ भन्ने पनि छैन । कार्यकारी पदमा नभए पनि उनीहरूको शक्ति यति हुन्छ कि त्यो तेजले टाढासम्म उज्यालो दिइरहेको हुन्छ । कुनै गलत काम कतै हुँदै छ भने आदर्श व्यक्तित्व अथवा रोलमोडलको सानो भनाइ, वक्तव्य तथा उपस्थितिले मात्र पनि त्यो गलत काम सच्चिनसक्छ । त्यस्ता व्यक्तित्वका पछाडि जनताको अपार श्रद्धा र शक्ति लुकेको हुन्छ । त्यसै कारण रोलमोडलले प्रत्यक्ष कुनै अभियान नचाले पनि अप्रत्यक्ष रूपमै उनीहरूभित्र अलौकिक शक्ति लुकिरहेको हुन्छ ।

जीवनलाई आनन्द दिने क्षेत्रहरूमध्ये कलाकारिताको स्थान सायद पहिलो नम्बरमै पर्छ । चाहे फिल्मी कलाकार होस् अथवा ललितकलाका अन्य क्षेत्रमा आबद्ध कलाकार ऊ स्वयंले त अवर्णित आनन्द पाउँछ नै, त्यस अलावा दर्शक-श्रोतालाई पनि दुःख भुलेर सुखको संसारमा यात्रा गराउँछ । कलाकारिताको यसै शक्तिका कारण यस क्षेत्रका अब्बल र आदर्श व्यक्ति अन्य क्षेत्रका रोलमोडलभन्दा जनस्तरमा भिजेका हुन्छन् । कुनै चलचित्र प्रसिद्ध भएमा त्यसमा अभिनय गर्ने कलाकारका आनीबानी, हाउभाउ, लवाइखवाइ आम मान्छेले अनुकरण गर्न थाल्छन् । यहाँसम्म कि उनीहरूको बोल्ने शैलीसमेत टिपेर अनुसरण गर्ने गरेको कैयौं उदाहरण छन् । सिनेमाले छोटै समयमा ठूलो समुदायमा प्रभाव पार्न सक्छ । त्यसैले यसलाई संचारको सशक्त माध्यम मानिएको हो । जसरी पत्रकारितामा संलग्न व्यक्तित्वहरु समाज र राष्ट्रप्रति जिम्मेवार हुनुपर्छ, त्यसै गरी कलाकारितामा आबद्ध व्यक्तिहरूको पनि समाजप्रतिको भूमिका गहन छ । पुस्तक, पत्रपत्रिकाको उपभोक्त बन्नका लागि कम्तिमा साक्षर बन्नुपर्छ तर सिनेमा हेर्नका लागि यो योग्यता आवश्यक छैन । जुनसुकै उमेर समूह तथा बौद्धिक स्तरका व्यक्तिले सिनेमा हेर्ने हुँदा सिनेमा बनाउने र खेल्ने क्षेत्रमा आबद्ध व्यक्तिहरूको दायित्व अझै बढी हुन्छ । सिनेमा पनि एउटा उद्योग भएकोले नाफाको उद्देश्य अवश्य राख्नुपर्छ, नत्र यसले निरन्तरता पाउन सक्दैन तर व्यापारभन्दा माथि उठेर सामाजिक उत्तरदायित्व निर्वाह गरिएन भने समाज सुध्रिने होइन बिग्रिने दिशातिर अग्रसर हुनेछ । त्यसैले यस क्षेत्रमा आबद्ध रोलमोडल अन्य क्षेत्रकाभन्दा अझै बढी गम्भीर र जिम्मेवार बन्नु आवश्यक छ ।

सिनेमा क्षेत्रका रोलमोडलको समाजमा रहेको ठूलो प्रभावलाई दृष्टिगत गरी व्यापारिक कम्पनीहरु आफ्नो उत्पादनको विज्ञापन गराउन उनीहरूको सहारा लिने गर्छन् । यो परम्परा विश्वभरि नै छ । चेतनामूलक सन्देश प्रवाह गर्नका लागि होस् अथवा व्यापारिक उत्पादन अथवा सेवालाई ग्राहकसम्म पुऱ्याउन सिने कलाकारको भूमिका महत्वपूर्ण हुनेगर्छ । जसरी सिनेमामा उनीहरूले गरेका अभिनयको अनुकरण हुनेगर्छ, त्यसै गरी उनीहरूले प्रवाह गर्ने सन्देशलाई पनि नागरिकले पछ्याउने छन् । यसै तथ्यलाई बुझेर व्यापारिक प्रतिष्ठानहरु समाजमा अमिट छाप छाड्न सफल रोलमोडलहरूको खोजीमा लागिरहेका हुन्छन् । नागरिकको मन-मुटुमा बस्न सफल रोलमोडलले व्यापारिक प्रतिष्ठानबाट अनुमान गरेभन्दा पनि बढी पारिश्रमिकसमेत पाउने गरेका छन् । उनीहरूले सिनेमामा वर्षौं अभिनय गरेर पाएको भन्दा धेरै पारिश्रमिक कुनै व्यापारिक प्रतिष्ठानको उत्पादन वा सेवा प्रवर्द्धन गरेवापत पाउने गरेका छन् । यो कलाकार तथा व्यापारिक प्रतिष्ठान दुवैका लागि फाइदाजनक विषय हो । यसो भन्दैमा रोलमोडलले उत्पादन तथा सेवाको प्रकृति नबुझी त्यसमा सहभागिता जनाउन भने हुँदैन । केही कलाकार विगतमा यो कुराको हेक्का नगर्दा विवादमा परेका पनि थिए । त्यसै भएर रोलमोडल सधैं रोलमोडलकै रूपमा रहिरहने र आफ्नो आदर्शमा कमी आउन नदिन शुद्ध आचरणका साथै शुद्ध वस्तुको मात्र प्रवर्द्धनमा लाग्नु सबैको हितमा छ ।

**व्याकुल पाठक**

कलाकारितामा आबद्ध व्यक्तिहरूको पनि समाजप्रतिको भूमिका गहन छ । पुस्तक, पत्रपत्रिकाको उपभोक्त बन्नका लागि कम्तिमा साक्षर बन्नुपर्छ तर सिनेमा हेर्नका लागि यो योग्यता आवश्यक छैन । जुनसुकै उमेर समूह तथा बौद्धिक स्तरका व्यक्तिले सिनेमा हेर्ने हुँदा सिनेमा बनाउने र खेल्ने क्षेत्रमा आबद्ध व्यक्तिहरूको दायित्व अझै बढी हुन्छ ।

## ● गजबको व्यक्तित्व आङतेम्बा

हट नेपालको तेस्रो अंकमा आङतेम्बा शेर्पाको जीवनशैली पढ्ने अवसर मिल्यो । मानिसले दिलैदेखि चाहेर मेहनत गऱ्यो भने कल्पनै नगरेको सफलता पनि प्राप्त गर्न सक्छ भन्ने उदाहरण वास्तवमा आङतेम्बाले प्रस्तुत गरेका छन् । पर्यटकको भरियाबाट काम सुरू गरेको मानिस विश्वप्रसिद्ध उत्पादनको मोडलदेखि अर्बपति व्यापारीसम्म बन्न सक्नु सानो सफलता होइन । यहाँसम्म पुग्न अवश्य उनले ठूलो मेहनत र त्याग गरेको देखिन्छ । आङतेम्बा विषयको लेख र फोटोग्राफीमा पनि विशेष मेहनत गरेको पाएँ । हट नेपालको आगामी अंकमा पनि यस्तै किसिमका सफल व्यक्तिका जीवन शैलीलाई निरन्तर समावेश गर्ने गर्नुहोला । यस किसिमका सामग्रीबाट अरूलाई पनि सफल हुन प्रेरणा मिल्ने गर्दछ । छोटै समयमा हट नेपालले पाएको सफलतामा बधाई ज्ञापन गर्दछु ।

*-वीरबहादुर तामाङ, त्रिशूली, नुवाकोट*

## ● कभरमा चमक भएन

हट नेपालको पहिलो र दोस्रो अंकपछि तेस्रो अंक पनि हेर्ने मौका पाएँ । पहिलो र दोस्रोको तुलनामा कभर छनौटमा अलि हतार भएको जस्तो लाग्यो । फोटोग्राफर राजीव श्रेष्ठले हट नेपालको लागि गतिलो कभर




फोटो दिन नसकेको आभास भयो । फोटोमा त्यति चमक र दम देखिएन । फोटोग्राफीमा पहिलो र दोस्रो अंकमा जस्तो ध्यान गएजस्तो लागेन । आइन्दा त्यस्तो नहोस् । यही मेरो आग्रह छ ।

*- शान्ति श्रेष्ठ, घट्टेकुलो, काठमाडौं*

## ● ब्युटी-टिप्स चाहियो

हट नेपाल साँच्चै लाइफस्टाइल तथा मनोरञ्जक म्यागेजिन बन्न सफल भएको छ । यसमा समेटिएका कन्टेन्टहरु सबै मलाई राम्रो नै लागेको छ । तेस्रो अंकमा आएर ब्युटी टिप्स नपाइँदा खल्लो महसुस भयो । ब्युटी टिप्सलाई निरन्तरता दिन कन्जुस्याइँ नगर्न हट नेपाल टिमलाई म आग्रह गर्दछु । तेस्रो अंकमा बीचको ब्लो-अपमा सजिएकी मोडल नायिका नम्रता श्रेष्ठको फोटोलाई कभरमा राखेर उनको बारेमा लुकेका जानकारी दिएको भए अझ सुनमा सुगन्ध हुने थियो ।

*- माधुरी पराजुली, सानेपा-२, ललितपुर*

## ● दीपक विष्ट रिटायर्ड हुनु भएन

गोल्ड मेडलिष्ट खेलाडी दीपक विष्टको बारेमा खुल्ला लाइफ स्टाइल पढ्न पाएँ । बडा खुसी लाग्यो । खेलाडी विष्टले खेल सामग्रीको पसल थापेर खेल जीवनबाट रिटायर्ड भएको खबर हट नेपालमा पढ्दा साह्रै दुःख लागेको छ । विष्टको रिटायर्ड हुने उमेर अवश्य पनि भइसकेको छैन । उक्त निर्णय फिर्ता लिएर पूर्ववत खेल जीवनमा फर्कन म हट नेपालबाटै दीपक विष्टलाई आग्रह गर्दछु ।

*- राजेन्द्र शर्मा, चिप्लेढुंगा, पोखरा*

## ● हट नेपालको सफलता

मनोरञ्जक लाइफ स्टाइल म्यागेजिन हट नेपालको निरन्तरताको लागि सदा कामना गर्नेमध्ये म पनि एक हुँ । कम मूल्यमा यति राम्रो म्यागेजिन निकालेको सिको हाल आएर ३० वर्ष पुरानो एक फिल्मी म्यागेजिनले पनि गरेको देख्दा म त छक्क परेको छु । यसलाई मैले हट नेपालले छोटो अवधिमा पाएको सफलता ठानेको छु ।

*- जश्मिन जोशी, सानोठिमी, भक्तपुर*

सल्लाह-सुझावका लागि : hotdreamnepal@gmail.com, facebook.com/pages/Hot-Nepal



## शान्तिका लागि चीन अग्रसर



नेपालसँगै विश्वको न्याय र शान्तिको संरक्षणको लागि प्रयास गर्न चीन अग्रसर रहेको नेपालका लागि चिनियाँ राजदूत ऊ छुन्थाईले बताएका छन् । नयाँ वर्ष सन् २०१४ को अवसरमा नेपालस्थित चिनियाँ दूतावासले आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा राजदूत छुन्थाईले शान्तिको पक्षधर मुलुक भएकाले नेपाल जहिले पनि युद्धको विपक्षमा रहेको समेत स्मरण गरे । सोही कार्यक्रममा क्यापिटल एफएमका अध्यक्ष प्रकाशबाबु पौडेलले एफएमको वर्तमान अवस्थाका बारेमा राजदूत छुन्थाईलाई जानकारी गराएका थिए । कार्यक्रममा क्यापिटल एफएमका निर्देशक जियाङ मिङ (रवि) तथा सिआरआई कन्फ्यूसियस क्लास रूमकी चिनियाँ निर्देशक लिउसी (सन्ध्या)को पनि उपस्थिति थियो ।

## हवा वैको उद्घाटनमा चिनियाँ राजदूत



सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा विकास भएका नयाँ नयाँ प्रविधि प्रदर्शन गरिने क्यान इन्फोटेक सूचना प्रविधि मेलाको नयाँ संस्करण राजधानीको भृकुटीमण्डपमा सम्पन्न भएको छ । कम्प्युटर एसोसिएसन अफ नेपाल क्यानद्वारा आयोजित मेलामा नयाँ प्रविधिहरूको प्रदर्शनी गरिएको थियो । सो प्रदर्शनीमा स्वदेशी तथा विदेशी कम्पनीहरूले आ–आफ्ना प्रविधिका बारेमा अवलोकनकर्तालाई जानकारी दिनुका साथै आफ्ना उत्पादनको विक्रीसमेत गरेका थिए । यसै क्रममा चिनियाँ कम्पनी हवा वैको उत्पादन प्रदर्शनी कक्षको चिनियाँ राजदूत ऊ छुन्थाईले उद्घाटन गरेका थिए । सो कार्यक्रममा चिनियाँ राजदूतावासका वित्तीय काउन्सिलर फङ वै लगायत चिनियाँ कम्पनीका प्रतिनिधिको सहभागिता थियो । यस्तै चिनियाँ प्रसिद्ध कम्पनी लेनोभोको प्रदर्शनी कक्षको पनि चिनियाँ राजदूत छुन्थाईलगायत दूतावासका अधिकारीहरूले अवलोकन गरेका थिए । क्यान इन्फोटेक २०१४ मा मुख्य प्रदर्शनी हलभित्र ३९ र हलबाहिर तीनवटा ब्रान्डिङ प्रदर्शनी कक्ष रहेका थिए ।

## विद्यालयलाई सहयोग



चिनियाँ इन्टरप्राइज एशोसियसन नेपाल र क्यापिटल एफएमको संयुक्त आयोजनामा काठमाडौं गोंगबु-७ मा अवस्थित श्री मनोहर उच्च माध्यमिक विद्यालयमा चिनियाँ नव वर्षको उपलक्ष्यमा शैक्षिक सामग्री सहयोग हस्तान्तरण गरिएको छ । सो कार्यक्रममा चिनियाँ राजदूतावासका वित्तीय काउन्सिलर फङ वैले प्राचीन कालदेखि नै नेपाल र चीनबीच प्रगाढ सम्बन्ध रहेको बताए । कार्यक्रममा फङ वैले चिनियाँ नव वर्षको उपलक्ष्यमा शुभकामना दिंदै विद्यार्थीहरूलाई सहयोग गर्न पाएकोमा आफू निकै हर्षित भएको सुनाए । यस्तै कार्यक्रममा चिनियाँ इन्टरप्राइज एशोसियसन नेपालका उपाध्यक्ष लिउ चेले चीन र नेपालबीच प्रगाढ कुटनीतिक सम्बन्ध रहेको बताए । उनले आगामी दिनमा पनि नेपालको आर्थिक विकासमा सहयोग गर्ने प्रतिबद्धता जनाए । विद्यालयलाई शैक्षिक सामग्रीमा फोटोकपी मेसिन, कम्प्युटर, प्रिन्टर, कापी, किताब, पेन्सिल, खेलकुदका सामग्री र खाद्य सामग्री वितरण गरिएको थियो ।

## मिस नेपालका गायक हिरोको हेर्ने गीत



मिस नेपालहरूलाई नायिका बनाउने गायकको रूपमा चर्चा पाएक सीताराम पोखरेलले हेर्ने गीतहरूको संग्रह निकालेका छन् । 'द बेस्ट म्युजिक भिडियो अफ सीताराम पोखरेल' नाम दिइएको उक्त भिडियोमा १० वटा हिट गीतका म्युजिक भिडियो संगृहीत छन् । ती गीतमा गायक पोखरेललाई निशा अधिकारी, झरना थापा, अरूणिमा लम्साल र सुमिना घिमिरे लगायतका नायिकाहरूले साथ दिएका छन् । खोजी हेरिनौ, बिना-कारण, स्पार्क, अक्टोबर-फोर तथा सम्मान नामक गीति-एल्बम बजारमा ल्याइसकेका गायक पोखरेलको यो छैठौं कृति हो । प्रारम्भका प्रायः म्युजिक भिडियोहरूमा मिस नेपालहरूलाई नायिका बनाउन सफल यी गायकले पछिल्लोपल्ट नेपाली फिल्मका चर्चित नायिकाहरूलाई अभिनय गराएका छन् । सुन्नेभन्दा हेर्ने गीत-संगीतले बजार लिइरहेको बेला पोखरेलको द बेस्ट म्युजिक भिडियो अफ सीताराम पोखरेलले यस क्षेत्रमा नयाँ आयाम थपेको बताइएको छ ।

## वसन्तको विश्व काव्ययात्रा




कवि तथा गीतकार वसन्त चौधरीले विश्व काव्ययात्राको थालनी अनामनगरस्थित मण्डला थिएटरबाट गरेका छन् । नेपाली भाषा, साहित्य तथा कलाको विश्वव्यापी प्रवर्द्धनमा लागेका चौधरीले आफ्नो 'विश्व काव्ययात्रा' प्रारम्भ गर्दै सिर्जना सुनाएका हुन् । उनी 'एकल विश्व काव्ययात्रा' को दोस्रो शृंखलामा निस्कँदै छन् । उनले मण्डलामा 'थोपा थोपा', 'कविता', 'असंख्य शून्यहरु', 'कसैको चाहनामा' लगायत दुई दर्जन सिर्जना सुनाए । कवि चौधरीको काव्यवाचन सुन्न दर्शकदीर्घामा खचाखच वरिष्ठ साहित्यकारदेखि साहित्य पारखीसम्म मन्त्रमुग्ध थिए ।

## राजभाइको स्टाइलबाट राजेश हमाल प्रभावित



कुनैबेला ग्लेमर फोटोग्राफरको रुपमा ख्याति कमाउन सफल बरिष्ठ फोटोग्राफर राजभाइ सुवाल हाल प्रडक्ट फोटोग्राफीमा नै व्यस्त बनेका छन् । सुवाल विभिन्न ब्युटी कन्टेस्टका जजिङमा पनि देखिने गरेका छन् । त्यसको अलावा फेसन-मोडलिङको परेडमा विभिन्न सेलिब्रेटीको साथमा क्याटवाकमा समेत देखिने गरेका सुवालको आकर्षण नै उनको बोली, वचन र व्यवहार रहेको छ । त्यो स्टाइलबाट महानायक राजेश हमालसमेत प्रभावित बनेको पाइएको छ । महानायक हमालले सुवालको चिन्डे टाउकोलाई सुमसुम्याएर तारिफ गर्न पनि भ्याए । सबैको तारिफ पाउन सफल सुवालको मैतीदेवीस्थित फोटो स्टुडियो नेपाली फोटो स्टुडियोमा अत्यन्त सुविधासम्पन्न मानिएको छ ।

## मिस तामाङ मुनाश्री लामा

काभ्रेकी मुनाश्री लामाले यो वर्षको मिस तामाङको सातौं संस्करणको उपाधि जितेकी छन् । सोनाम ल्होछार सन्दर्भ पारेर राजधानीमा सम्पन्न प्रतियोगितामा उनले १८ प्रतिस्पर्धीलाई पछि पार्दै उनले मिस डिसिप्लिनको टाइटलसमेत हात पारेकी थिइन् । उनले ५० हजार रुपैयाँ र ३० हजार बराबरको चाँदीको क्राउन पाएकी छन् । काभ्रेकै जेनिशा पाखिन फस्ट रनरअप बनेकी छन् । मिस पर्सनालिटीको टाइटल पनि कुम्ल्याएकी जेनिशाले ताजसँगै ३० हजार रूपैयाँ जितेकी छन् । निकिता लामाले सेकेन्ड रनरअपसँगै मिस ट्यालेन्ट, बेस्ट स्कीन र प्युअर च्वाइस टाइटल हात पारेकी छन् । उनले १० हजार नगद समेत पाएकी छन् । सोनाम मोक्तान थर्ड रनरअप तथा दावा डोल्मा लामाले फोर्थ रनरअपसँगै बेस्ट वाकको टाइटल जित्न सफल भए । सविना लामा मिस फोटोजेनिक, सोनाम तामाङ पपुलर, सुजना वाइबा बेस्ट हेयर, कमला तामाङ बेस्ट स्माइल, सपना लामा फ्रेन्डसिप र मञ्जु तामाङका बुबा रामबहादुर तामाङ बेस्ट गार्जन घोषित भए । नेपाल तामाङ कला-संस्कृति केन्द्रको आयोजनामा सम्पन्न मिस तामाङले तामाङ सुन्दरीहरुको व्यक्तित्व विकास गर्न निक्कै सहयोग पुऱ्याएको दाबी आयोजक केन्द्रका संस्थापक अध्यक्ष मिलन मोक्तानको छ ।

## प्रतिस्पर्धामा १८ सुन्दरी



मिस पूर्वाञ्चल २०१४ मा यसपटक पूर्वाञ्चलका १८ सुन्दरीबीच प्रतिस्पर्धा हुँदै छ । सिलवर इन्टरटेनमेन्टले आयोजना गरिरहेको प्रतियोगिता अन्तिम तयारीमा पुगेको छ । ५ फागुनमा छिनोफानो हुने मिस पूर्वाञ्चलको ताजसँगै विजेताले यामाहा स्कुटी, विभिन्न उपहारसँगै मिस नेपालमा सहभागी हुन पाउने छन् । त्यस्तैगरी फर्स्ट र सेकेण्ड रनर अपले ३५ हजार र २५ हजार पाउने छन् । विजेता, उपविजेताले एसियन कलेज अफ म्यानेजमेन्ट ललितपुरमा छात्रवृत्तिसमेत पाउने कार्यक्रमका संयोजक सौरभ श्रेष्ठले बताए । मिस पूर्वाञ्चलको ताज त छँदै छ मिस नेपालमा समेत प्रतिस्पर्धा गर्न पाइने भएकाले सहभागीहरु उत्साहित देखिन्छन् ।

## अमेरिकी लाइफमा नेपाली हिरो–हिरोइन

नेपाली जैकी च्याङको रुपमा चर्चा पाएका नेपाली हिरो अमृत लामा अमेरिकाको ग्रीनकार्ड होल्डर बनेका छन् । हाल न्यूयोर्कमा बसोबास गर्ने हिरो लामाको जीवन संगिनी हिरोइन सम्फना खड्का तथा छोरी अश्लिशा लामा स-परिवार उतै बस्दै आएका छन् । कुनै बेला नेपाली फिल्म तथा मोडलिङमा व्यस्त रहने हिरोइन सम्फना खड्का श्रीमान् र छोरीका साथमा अमेरिकामा रमाएर बसेका छन् । अमेरिकाको लाइफ रमाइलो र निकै व्यस्त पनि भइरहेको सम्फनाले हट नेपालसँगको फोनवार्तामा भनेकी छन् । काम नगरी अमेरिकामा बस्नै गाह्रो भएको यथार्थ बताउँदै श्रीमान् हिरो लामा र उनी आफू न्यूयोर्कमा व्यस्त जीवन बिताइरहेको जानकारी उनले दिइन् । दुई वर्षअगाडि मात्र अमेरिका गएकी हिरोइन खड्का न्यूयोर्कको एक औषधि कम्पनीमा कार्यरत छिन् । हिरो लामा पनि एक प्रतिष्ठित कम्पनीमा कार्यरत रहेको उनले बताइन् ।

# बिहेअगाडिको सम्बन्ध
# नो प्रोब्लम







यो वर्ष सन् २०१४ को जनवरी १ कै दिन मोडल हिरोइन हर्षिका श्रेष्ठको लागि शुभ भएन । काठमाडौंमा भएको एक न्यू-इअर प्रोग्राममा उनी चिप्लिन पुगिन् । ट्वाइलेट गएर फर्केकी हर्षिका चिप्लिएर लड्न पुग्दा सामान्य घाइते बनेकी थिइन् । त्यसको पीडा दुई महिना बित्नै लाग्दा पनि अझै साम्य नहुँदा उनी हैरान बनेकी छन् ।

बेला-बेलामा खुट्टा सुन्निने पीडाले हैरान बनाए पनि नर्भिक अस्पतालका डाक्टरले खासै समस्या छैन भनेपछि फेब्रुअरी महिनाबाट काममा फर्केकी छन् । हर्षिकाको पहिलो फिल्म 'अँगालो यो मायाको' हो, जसमा उनको हिरो इण्डियन आइडल प्रशान्त तामाङ रहेका छन् । पहिलो फिल्ममा नै सबैको प्रिय बनेका प्रशान्तको हिरोइन बनेकी उनलाई मनमा थुप्रै कौतुहल तथा डर पनि थियो । पहिलो दिनको पहिलो प्रशान्तसँगको क्यामेरा फेसमा प्रशान्तको मिजासिलो बोलीबचन तथा व्यवहारले सजिलो भएको अनुभव उनले सुनाइन् ।

हर्षिकाकै भाषामा भन्ने हो भने, प्रशान्तसँगको पहिलो भेटमा नै बडा राम्रो साथी बनिहाल्यो ! पहिलो डेब्यु भएको फिल्मकै नाम 'अँगालो यो मायाको' भएकोले होला इण्डियन आइडल प्रशान्तको अँगालोमा बेरिनु स्वाभाविक पनि हो । त्यो स्वाभाविकतामा फिल्मी भेलेन्टाइन प्रशान्त तामाङ नै हो भन्न नचुक्ने हर्षिकाले हालसम्म स्पेशल भेलेन्टाइन भेटिसकेकी छैनन् ।

'साथीहरु त यति धेरै छन् । कोही न कोही अवश्य पनि मेरो जीवनमा भेलेन्टाइन भएर आउने छन् । आज नभए भोलि अवश्य पनि हुनेछन्', हर्षिका भन्छिन्- 'हालसम्म मैले त्यस्तो कोही सपनाको राजकुमार बनाउन सकेकी छैन तर पनि हरेक वर्षको भेलेन्टाइन-डेले अरूलाई जस्तो मलाई पनि झस्काउने गरेको छ । गत वर्ष नै ड्याडले बिहे गर्न कर गर्नुभएको थियो ।

# इण्डियन आइडल नेपाली भेलेन्टाइनको खोजीमा



तस्वीर : राजीव श्रेष्ठ

हरेक वर्षजस्तै फेब्रुअरी महिनाले भेलेन्टाइन-डे बोकेर आउने गरेको छ । फेब्रुअरी महिना आएपछि अक्सर युवा मुटुहरु धड्कने गर्छन् । यो वर्षको फेब्रुअरी महिना आउनुअघि नै सोनाम ल्होसार मनाउन काठमाडौंमा झुल्केका इण्डियन आइडल एवम् दुई नेपाली फिल्म गोर्खा-पल्टन तथा अँगालो यो मायाको हिरो प्रशान्त तामाङको पनि मुटु धड्किएको छ । काठमाडौंको कार्यक्रम सकिएलगत्तै इलाम हानिएका प्रशान्तलाई धेरै तन्नेरी मनहरूले घेरे । कतिले उनलाई आई लभ यु भन्न भ्याए !

अविवाहित तामाङलाई भेलेन्टाइन बनाएर उनैसँग बिहे गर्न चाहनेहरु पनि देखिएको मिस तामाङका आयोजक मिलन मोक्तानले खुलासा गरेका छन् । धेरैले प्रपोजल राखे पनि हाँसेरै इण्डियन आइडल तामाङले टारेको आयोजक मोक्तानले बताएका छन् । यद्यपि, उनी आफू नेपाली मूलको भारतीय भए पनि आफ्नो हुनेवाला भेलेन्टाइन नेपालकै शुद्ध नेपाली नै भए अत्यन्त राम्रो हुने बताउँछन् । त्यसैको खोजीमा प्रायः काठमाडौं तथा पूर्वी नेपालतिर बढी आतेजाते गर्ने गरेको अनुमान पनि गर्ने गरिएको छ ।

भेलेन्टाइन मुडमा फिल्म अँगालो यो मायाको हिरोइन हर्षिका श्रेष्ठसँग काठमाडौंका ख्यातिप्राप्त फोटोग्राफर राजीव श्रेष्ठसँग फोटोसुट गर्दा प्रशान्त तामाङ निक्कै लजाएका थिए । जति लजाए पनि फोटोको लागि भेलेन्टाइन एक्सप्रेसन दिन जानेकै भेलेन्टाइन भएको दाबी फोटोग्राफर श्रेष्ठको छ । अनुहारको हाउभाउ हेर्दा अत्यन्त गंभीर भए पनि हर्षिकासँगको फोटोसुटमा तातिएको अनुभव श्रेष्ठले गरेका छन् । प्रशान्तको फिल्मी भेलेन्टाइन हिरोइन हर्षिका भने प्रशान्त यथार्थमा राम्रो साथी बनाउन लायकको व्यक्ति भएको सुनाउँछिन् । लपन-छप्पन नजानेको निर्दोष अनुहारका प्रशान्त आफैमा मायालु स्वभावको भएको हर्षिकाको बुझाइ छ ।

## बेलगाम बेनिशा

भेलेन्टाइनहरूलाई लक्षित गरेर रिलिज भएको फिल्म 'मोक्ष'को भेलेन्टाइन हिरोइन बेनिशा हमाल बेलगाम बनेकी छन् । हलिउड तथा बलिउडका हिरोइनहरु भेलेन्टाइन मुडमा भित्री वस्त्र नै नलगाई कारबाट उत्रने तथा ओर्लने गर्दा उनीहरु नाङ्गिने सामान्य भइसकेको छ । वान पिस पहिरनमा अक्सर हतारमा भएर हो या जानाजानी भित्री वस्त्र नलाई सार्वजनिक समारोहमा देखिने गर्दा पापाराजी क्यामेरापर्सनहरूले उनीहरूको हुनसम्मको हुर्मत लिने गरेका छन् । जसबाट उनीहरु सार्वजनिक जीवनमा हुनसम्मको लज्जित बन्ने गरेको यथार्थलाई अत्यन्त नजिकबाट बुझेकी नेपाली हिरोइन बेनिशा हमाल आफैले त्यस स्थितिको सामना गर्नुपरेको छ ।

भेलेन्टाइनको अवसरमा आयोजित मिस नर्स कन्टेस्टको फाइनल राउन्डमा जजको रूपमा फोटोग्राफर राजभाइ सुवालको जजिङ लहरमा देखिएकी बेनिशाले रातो वान पिस पहिरन



लगाएकी थिइन् । अरू बेलाभन्दा बढी आकर्षक देखिएकी उनी रातो वान पिसमा धपक्क बलेकी थिइन् । राम्री हिरोइन देखेपछि क्यामेरा पर्सनहरूको लोभी क्यामेरा उनीतिर तेर्सिनु स्वाभाविक हो । मिस नर्समा क्यामेरा तेर्साइरहेका क्यामेरा पर्सनहरूले उनको तस्वीर माथिदेखि तलसम्म खिच्न भ्याए ।

जब क्यामेरा बेनिशाको वान पिस तलतिर पनि तेर्सिए, उनीहरूको क्यामेराले बेनिशाले अत्यन्त संवेदनशील गोप्य भित्री अंगमा भित्री बस्त्र नै नलगाएको प्रमाणित गरिदियो । क्यामेरा पर्सनहरूबीच कानेखुशी नै भयो । पेन्टी नै नलगाई जजिङ गर्न आएको थाहा पाउँदा हंगामा नै मच्चिएपछि बेलगाम बेनिशा हमाल रातो वान पिससँगै रातीपिरी बनेकी थिइन् । मिस नर्सको जजिङमा आउन हतार हुँदा भित्री बस्त्र नै लाउन उनले बिर्सेकी रहिछिन् ।

## ऋचाको माया पानीजस्तो



कुनैबेला मोडल हिरो विनय श्रेष्ठको अत्यन्त नजिक मानिएकी मोडल हिरोइन ऋचा शर्माको माया पानीजस्तो भएको छ । पाँच वर्षभन्दा बढी मोडल हिरो श्रेष्ठसँग अफेयर चलेर बिहे गर्ने नै अन्तिम मुडमा भएर करिब पक्का-पक्की भइसकेको थियो । पछि त्यो गम्भीर मायामा कसरी दरार पैदा भयो, त्यो केवल ऋचा या विनयलाई मात्र थाहा होला । ऋचा विनयबाट टाढा भए पनि निर्देशक निश्चल बस्नेतसँग नजिकिएकी उनी फेरि नयाँ हिरो गौरव पहाडीको बाहुपासमा आउनुलाई अनौठो मानिएको छ । नेपाल चलचित्र प्राविधिक संघले मलेसियामा आयोजित छैटौं नेफ्टा फिल्म अवार्डमा यी दुई हिरो-हिरोइनको भेलेन्टाइन स्टाइल सबैको नजरमा आरिसकै विषय बन्यो !

काठमाडौंबाट उडेको मलेसियाको विमानबाट सुरु भएको ऋचा र गौरवको माया-प्रेम नेफ्टा अवार्ड अवधिभर नै भयो । यो जोडी लैला-मजनुजस्तो भएको भन्नेहरु पनि पाइए । अझ दुवैले फिल्म बसन्तीको 'मेरी बसन्ती' बोलको गीतमा डान्स प्रस्तुत गर्दा ऋचा गौरवकै बसन्ती जस्तै देखिएकी थिइन् । जुन कुरालाई नेफ्टा अवार्डका कार्यक्रम उद्घोषक नरेश भट्टराईले दुवैबीचको प्रेम-रोमान्सलाई मञ्चबाटै भनिदिंदा दुवै जोडले हाँसेका थिए ।

फेरि मलेसियाबाट नेपाल फर्कने क्रममा निर्देशक बस्नेत बिरामी पर्दा उनको अत्यन्त स्याहारमा देखिएकी ऋचाको रबैयालाई देख्नेहरु तीनछक्कै पनि परे । शायद ऋचाको माया पानीजस्तो भएर होला भन्नेहरु धेरै पाइयो ।



## कलाको खोइ भेलेन्टाइन ?



एक जमानाकी निकै नै चर्चित मोडल कला सुब्बा हालसम्म सिङ्गल नै छिन् । कला निकटका समकालीनहरु कतिपयले घरजम गरिसकेका छन् । काठमाडौंबाट प्रसारित हिट्स एफएमकी चर्चित कार्यक्रम प्रस्तोतासमेत रहेकी कला उपयुक्त भेलेन्टाइनको खोजीमा रहेको बुझिएको छ । भनेजस्तो भेलेन्टाइन भेटिए घरजम गर्ने सोचमा रहेकी उनी ढिलो-चाँडो अवश्य घरजम हुने विश्वासमा छिन् । यद्यपि, धेरैजनाको खुल्दुलीको विषय बनेकी कला सुब्बाको खोई भेलेन्टाइन भन्नेहरुको जमातमा अझै उनी नाजवाफ बन्ने गरेकी छन् । 'सम्भवतः यो वर्षबाट त्यसो नहोला'- उनी निकटवर्ती भन्छन् ।

## राजेश हमालको बिहे हल्ला मात्र




नेपाली फिल्मका महानायक मानिएका राजेश हमालको उमेर घर्किसकेको छ । हमाल निकटवर्तीहरुका अनुसार यो वर्षबाट हमालको उमेर ५५ पुगिसकेको छ । घर्किदो उमेरमा आएर २७ वर्षीया भेलेन्टाइन मधु भट्टराईसँगको पाँच वर्ष लामो प्रेमसम्बन्धलाई बिहेमा परिणत गर्ने चाँजोपाँजोमा हमाल लागिसकेको चर्चा छ । मंसिरबाट माघ तथा माघबाट फागुन डेरा सारेजस्तो डेट सार्ने कार्य हमालबाट भइरहेको छ । हमालका अभिभावक दिदी-बहिनी नेपालमा नभएकाले पनि त्यसरी डेट सारिरहेको हुनुपर्ने उनका निकवर्तीहरु बताउँछन् । राजेश हमालको बिहे केवल चर्को हल्ला मात्र हुने पो हो कि भन्ने आशंका पनि यसरी डेट सारिरहँदा उत्पन्न भएको छ । हमालले भट्टराईसँग बिहे नगरेसम्म यसै भन्न नसकिने उनी निकटवर्ती बताउन थालेका छन् ।


इन्गेजमेन्ट नै गराउन खोज्नु भएको थियो । मैले अझै दुई-चार वर्ष गर्दिनँ, फिल्ममा पहिला करियर बनाउँछु भनेपछि उहाँ अलि पछि हट्नु भएको छ ।"

पुर्ख्यौली घर भक्तपुरको ठिमी भए पनि हर्षिकाको जन्म हेटौंडामा भएको हो । उनी पढाइको सिलसिलामा आठ वर्षअगाडि मात्र काठमाडौं आएकी हुन् । मेजर इङ्गलिस लिएर स्नातक गरिरहेकी उनी लाजिम्पाट बस्छिन् । दाजु-भाउजू र बहिनीका साथ भए पनि अलग्गै फ्ल्याटमा बस्ने उनी आत्मस्वाभिमानी पनि रहिछन् । फ्ल्याट भाडादेखि आफूलाई आवश्यक सबै सामग्रीको जोहो आफै गर्ने गर्छिन् ।

हेटौंडामा रहेका ड्याडी-मम्मी तथा काठमाडौंमा रहेका दाजुभाउजूलाई कुनै प्रकारको रकम मागेर हैरान बनाउने कार्य नगरेको हर्षिकाले बताइन् । फिल्म, विभिन्न कन्सर्ट-प्रोग्राम तथा निजी फेसन बिजनेशबाट राम्रै कमाइ भएकोले आत्मनिर्भर बन्न सफलता पाएको उनी बताउँछिन् । उनले अँगालो यो मायाको पछि कर्कश, नतिजा, जंजीर, नागबेली, मिस्टेक, टीन फर, भ्रम लगायतका फिल्ममा अभिनय गरिसकेकी छन् । निर्माणाधीन फिल्म मुखौटामा पनि उनले काम गरिरहेकी छन् ।

पेसाले फिल्म एडिटरसमेत रहेकी हर्षिकाले केही फिल्मको सम्पादन पनि गरिसकेकी छन् । सम्पादनकै सिलसिलामा फिल्मलाइनमा बढी नजिकिएकी उनी सबैले हिरोइन बन्नु पर्छ भनेपछि ठट्टैमा हिरोइन बनेको त्यो क्षण आजैजस्तो लाग्छ । तर, दुई वर्ष बितिसकेको उनलाई पत्तै भएको छैन । दुई वर्षको फिल्मी हिरोइनको करिअर अलि महँगो नै उनलाई लागेको छ । हिरोइन बनेपछि कमाएको आधाभन्दा बढी फेसनेबल ड्रेसअप तथा सपिङमा नै खर्च हुने गरेको यथार्थ उनले खोलिन् ।

हिरोइन बनेपछि फेसनेबल बन्न आवश्यक रहेको बताउने २४ वर्षीया हर्षिका बिहेअगाडिको रिलेसनसीपलाई व्यक्तिको बुझाइमा भर पर्ने विचार राख्छिन् । तर, उनको बुझाइमा बिहेअगाडिको रिलेसनसीप सकभर नराखेकै राम्रो, बिहे गर्ने पक्का हो भने चाहिँ फरक पर्दैन । हालसम्म आफू त्यसप्रकारको कुनै रिलेसनसीपमा नरहेको उनले दाबी गरेकी छन् । ■



सुजिना शाक्य

# पार्किङमा गफ गर्दा क्लास जान बिर्सन्थ्यौं

अब के गर्ने भन्दा-भन्दै मेरो कलेजको ब्याचलर पढाइ पनि सकियो । चार वर्षे पढाइ त सकियो, आफ्नो भविष्यको बारेमा चाहिँ अझै सोच्न सकेकी छैन । म स्कुलमा पढ्दा डाक्टर बन्छु भन्थें । एसएलसी पश्चात जब कलेज पुगें, डाक्टर बन्ने मेरो स्कुले सपनालाई एकातिर राखेर म्यानेजमेन्ट पढ्न थालें । शायद यो मेरो विवशताभन्दा आवश्यकता थियो !

मलाई स्कुल लाइफभन्दा कलेज लाइफ अलि छुट्टै लाग्यो । धेरै नयाँ साथीहरु बने । कलेज लाइफको सबैभन्दा रमाइलो कुरा भन्नु नै हामी अब के बन्न चाहन्छौं भन्ने नै थाहा नहुनु हो । रमाइलो गर्दै पढ्दै र पेपर कहिले लिक होला भनेर सोच्दै मेरो ग्लोबल कलेजको २ वर्षे प्लस-टु लाइफ बित्यो । त्यहाँ मैले साथीको महत्व बुझें । प्लस-टुमा मेरो मिल्ने साथी आर्जु बनिन् । आर्जुसँग मेरो धेरै कुरा मिल्छ । हामी धेरै कुरा शेयर पनि गर्ने गर्छौं । ब्याचलर पढ्न एपेक्स कलेज ज्वाइन गरें । फेरि मेरो दुःखको दिन सुरु भयो । कति पढ्नुपर्ने जस्तो लाग्यो । कहिलेकाहीं पढाइ देखेर वाक्क पनि लाग्थ्यो । यद्यपि, ब्याचलर लाइफमा आएर पढाइ कम र रमाइलो बढी  भयो ।

शायद त्यसैले होला- एपेक्स कलेजको चार वर्षे लाइफ कसरी बित्यो थाहै भएन ! धेरै साथी बनाइयो । धेरै ठाउँमा घुम्न गइयो । हामी साथीहरु धेरै समय ग्रुपमा बसेर पार्किङमा गफ गरेर बस्दा कहिलेकाहीं क्लास जान नै बिर्सन्थ्यौं ! ग्रुपमा हामी धेरै जना भएर पनि होला जहिले पनि रमाइलो हुने गर्थ्यो ।

जब हाम्रो एक्जाम टाइम सुरु हुन्थ्यो, तब हामी पार्किङमा नभई लाइब्रेरीमा डेरा जमाउन पुग्थ्यौं । पढ्नुभन्दा बढी हामी हल्ला गर्ने गर्थ्यौं । यसरी नै मेरो ब्याचलर लेबलको चार वर्षे पढाइ पनि सकियो । ब्याचलरको पढाइ समाप्तिसँगै हामी सबैलाई आफूहरु ठूलो भएको अनुभव भयो ।

तर पनि अब हामी के बन्ने या नबन्ने भन्ने बारेमा हामी अन्यौलमा नै रह्यौं । हामी जहिले पनि गफमा त ठूला-ठूला कुरा गर्थ्यौं, तर वास्तविक जीवनमा आएपछि के गर्ने भन्नेबारेमा अलमलमा पर्‍यौं ! मलाई यस्तो लाग्यो- हामीले पढ्न त पढ्यौं तर आफ्नो लागि खासै पढेनौं । केवल जाँचमा पास हुनको लागि मात्र पढ्यौं । वास्तविकता तथा व्यावहारिकतालाई पढाइसँगै आत्मसाथ गर्न नसक्नाले पनि यसरी हामी अलमलिएको हुनुपर्छजस्तो मलाई यतिखेर महसुस भएको छ ।


खेलेर खाएको बानीलाई परिवर्तन गरी अब हामीले काम र भविष्यको बारेमा सोच्न आवश्यक भइसकेको छ । यद्यपि, मलाई मेरो रमाइलो ब्याचलर लाइफमा फर्केर जान पाए हुन्थ्यो जस्तो अझै लागिरहेको छ । अब केही गर्नुपर्छ । केही बन्नु छ । सोच्ने मात्र होइन । केही गरेर देखाउनु छ ।

(यस स्तम्भमा आफ्ना कलेज अनुभव पठाउन कलेज अध्ययनरत विद्यार्थीलाई आग्रह गरिन्छ ।)
hotdreamnepal@gmail.com

> “खेलेर खाएको बानीलाई परिवर्तन गरी अब हामीले काम र भविष्यका बारेमा सोच्न आवश्यक भइसकेको छ। मलाई मेरो रमाइलो ब्याचलर लाइफमा फर्केर जान पाए हुन्थ्यो जस्तो अझै लागिरहेको छ।”



# फिल्मभन्दा मोडलिङमा कमाइ









सबैको आदर्श अनि प्रेरणा बनेका मह जोडी मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्य लाखौं रकमको अफर आए पनि एक बैंकको विज्ञापनमा रोल-मोडल बनेनन् । नबन्नुको पछाडि त्यस बैंकको गिर्दो साख तथा व्यवस्थापकहरूको बेइमानीजस्ता विषय कारक तत्व रहेको बुझिएको छ । त्यस बैंकले रोल-मोडल बन्न मात्र मह जोडीलाई जनही नगद पचास लाखको अफर गरेको थियो । त्यति धेरै रकमको अफर आएपछि त्यस बैंकको बारेमा आन्तरिक अनुसन्धान गर्ने कार्य महबाट भयो ।

धेरै त्रुटी र अव्यवस्था मह जोडीले पाएपछि करोडको अफरलाई ठाडै नाइँ भने । रकम मात्र ठूलो होइन । रोल-मोडल बनेपछि निकट भविष्यमा त्यस बैंकमा गड्बडी उत्पन्न भएमा त्यसको नकारात्मक असर रोल मोडल गर्नेलाई पनि पर्छ । उपभोक्ताप्रतिको महको उक्त जिम्मेवारीले नै त्यस बैंकको रोल-मोडल नबनेको मह निकट स्रोतको दाबी छ ।

नभन्दै क बर्गको उक्त राष्ट्रियस्तरको बैंकका कार्यकारी प्रमुख तथा अध्यक्षले बैंकमा बेइमानी गरेको खुलासा भयो । उनीहरूलाई अख्तियार तथा नेपाल राष्ट्र बैंकले कारबाही गर्न भनेपछि प्रहरीले गिरफ्तार गऱ्यो । शेयर धनी तथा निक्षेपकर्ताहरूको विश्वास उक्त बैंकप्रति गिऱ्यो ।

उपभोक्ताप्रति जिम्मेवार नबनी मोटो रकम दियो भन्दैमा कुनै पनि विज्ञापनमा रोल-मोडल बन्न नहुने अडान मह जोडीको छ । एक समयमा रियल जुसमा लेदो तथा अखाद्य पदार्थ भेटिएपछि त्यस जुसको व्यापक विरोध भयो । उपभोक्ताहरूले त्यस जुस कम्पनी तथा त्यस जुसको रोल-मोडल गर्ने नायक राजेश हमाललाईसमेत अदालतमा मुद्दा दायर गरेको घटना पुरानो भएको छैन । त्यस समय रियल जुसको रोल-मोडल बनेका नायक हमालले उपभोक्तासमक्ष क्षमायाचना समेत गर्नुपरेको थियो ।

बलिउडका महानायक अमिताभ बच्चनले जस्तो भटाभट मोटो रकम पाउनासाथ आँखा चिम्लेर जुनसुकै प्रडक्टको पनि रोल-मोडल बन्न खोज्ने नेपालका महानायक हमाललाई त्यस घटनाले राम्ररी नै पाठ पढायो । त्यस घटनादेखि हमालले पनि मह जोडीले जस्तो मोटो रकमको अफर बोकेर आउने प्रडक्ट कम्पनीको बारेमा विस्तृत अध्ययन गरेर मात्र रोल-मोडल बन्ने गरेको हमाल निकटवर्ती बताउँछन् । रोल-मोडल बनेयता बढी कमाउने रोल-मोडलमा मह जोडीपछि हमाल नै देखिएका छन् । मह जोडीले एउटा विज्ञापनका लागि जनही नगद २५ लाखसम्म लिएको बुझिएको छ । हमालले १५ लाखसम्म लिने गरेको भनिए पनि रकम बाहिर खुलासा गर्न उनीहरूले चाहेका छैनन् ।

दश वर्षअगाडि नायिका रेखा थापाले एक रक्सीको विज्ञापनमा रोल-मोडल बन्दा नगद पाँच लाख बुझेकी थिइन्, जुन त्यो बेलाकै विज्ञापन रोल-मोडलकै सर्वाधिक कमाइ मानिएको थियो । यसले स्वाभाविक रूपमा व्यापक चर्चा पाएको थियो । रेखा थापाले गरेको उक्त रक्सीको विज्ञापनको रोल-मोडलको फोटोग्राफी गर्ने फोटोग्राफर संजय रौनियार भारतका रोल-मोडलको तुलनामा नेपालका रोल-मोडलहरूको पारिश्रमिक न्युन नै भएको बताउँछन् । यद्यपि, नेपालमा रोल-मोडलको संस्कार भर्खरै मात्र प्रारम्भ

# हट मोडल गर्छिन् सित्तैमा मोडलिङ



तस्वीर : नवीन के श्रेष्ठ

विभिन्न कारणले चर्चामा आइरहने स्मिता थापा नामसँगै मनग्गे दाम कमाउन सफल मोडल हुन् । १० वर्षअगाडि धरानमा आयोजित मिस पूर्वाञ्चल-२०६२ बाट ग्लेमर करियर सुरू गरेकी स्मिता करियरसँगै बोल्ड बनेर प्रस्तुत बनेकी थिइन् । १६ वर्षको उमेरमा नै धरानमा प्रेमीसँग यौनसम्पर्क राखेको खुलासा गरेकी स्मिताले धरानमै थप दुईजनासँग सम्बन्ध राखेर करिअर बनाउन सात वर्षअगाडि मात्र काठमाडौं आएकी स्मिताले करियर बनाउने क्रममा धेरै पुरूषसँग रिलेसन भएको खुलेआम बताउने गरेकी छन् । दर्जनौं गीतका भिडियोमा मोडलिङ गरिसकेकी स्मिताले केही व्यापारिक प्रडक्टमा रोल मोडल भएर मोडलिङसमेत गरिसकेकी छन् । ती मोडलिङबाट हालसम्म मनग्गे पारिश्रमिक नपाएको तथा कतिपय मोडलिङ त सम्बन्धको आधारमा सित्तैमा नै गर्नुपरेको यथार्थ उनले खोलेकी छन् ।

मोडलिङबाट खासै कमाइ नगरे पनि पाँच वर्षअगाडि मात्र मासिक पाँच लाख खर्च हुने गरेको र हाल त्यसमा कटौती भएर डेढ लाखमा झारेको बताउने उनको आम्दानीको स्रोत मेनपावरको बिजनेश भएको पहिलोपल्ट हट नेपालमार्फत सार्वजनिक गरेकी छन् । काठमाडौंको बानेश्वरमा पार्टनरसीपमा मेनपावर कम्पनी सन्चालन गरिरहेको र काठमाडौंको तीन स्थानमा ब्युटीपार्लर तथा कस्मेटिक पसल सन्चालन गरेको बताउँदै त्यसबाट आर्जित आय नै प्रमुख स्रोत भएको दाबी उनले गरेकी छन् । अरू त सबै मोजमस्ती मात्र भएको बताउने उनी राजेन्द्र थापाद्वारा लिखित 'खेलौना' उपन्यासकी प्रमुख पात्रसमेत हुन् । खेलौना उपन्यास उनकै शब्दमा भन्ने हो भने उनको जीवनको ८० प्रतिशत यथार्थ हो ।

भएकोले कमाइको हिसाबले सर्वाधिक हुने गरेको रौनियारको बुझाइ छ ।

विभिन्न टेलिभिजन तथा पत्र-पत्रिकाका विज्ञापनमा मह जोडीले गरेको अम्बे स्टील तथा सानिमा बैंकको रोल-मोडलिङ हालसम्मकै महँगो मोडलिङ मानिएको छ । ती विज्ञापनमा गरेको अभिनयवापत जनही २५ लाख रकम लिएको मह निकटवर्तीले बताएका छन् । उक्त स्रोतका अनुसार मह जोडीले सामाजिक सन्देशमूलक विज्ञापनमा बाहेक अन्य व्यावसायिक विज्ञापनमा त्यसभन्दा कम रकममा अभिनय नगर्ने भएका छन् । कतिपय सामाजिक सन्देशमूलक विज्ञापनमा मह जोडीले निःशुल्क अभिनय गरेको पनि सोही स्रोतले बताएको छ ।

चलेका मिस नेपाल तथा नायिका एवम् मोडलहरूले सामान्य बुटिकको मात्र उद्घाटन गर्दा पाँच हजारदेखि पच्चीस हजारसम्म लिने गरेका छन् । नायिका निशा अधिकारीले त त्यस्ता कार्यमा न्युनतम नै २५ हजार लिने गरेको बताउँछिन् । एक अनलाइन बिजनेश सपको रिबन काट्न मात्र बुटवल पुग्दा नायिका अधिकारीलाई नगद २५ हजार दिइएको बुटवलका व्यवसायी वसन्त थापामगरले खुलासा गरेका छन् । तीतो-सत्यका कमेडियन हिरो दीपकराज गिरी पनि आगो बलेको बेला नै रोल-मोडल गर्ने मोडलले रेट राख्नुपर्ने भन्छन् । तातिएको बेला अर्थात् चलेको बेला रेट राख्न सकेन भने जिन्दगीमा कहिले पनि कमाउन नसक्ने तर्क उनको छ । तीतो-सत्य खेलेरभन्दा विभिन्न प्रडक्टका रोल-मोडल बनेर नै दह्रो कमाएर काठमाडौंको सिनाममंगलमा आलिशान घर बनाउन सफलता प्राप्त गरेको यथार्थ उनले खुलाए । गिरीकै जोडी कमेडियन हिरोइन दीपाश्री निरौलाले पनि रोल-मोडलकै कमाइले काठमाडौंमा गिरीले जस्तै बंगला बनाउन सफलता प्राप्त गरेको बताएकी छन् ।

अभिनयले कलाकारको उचाइ थप्ने गरेको छ । त्यो उचाइलाई रोल-मोडलिङले ढलान नै गर्ने गरेको भनाइ राइजिङ स्टार नायिका निता ढुंगानाको छ । नायिका ढुंगानाले कुनै पनि प्रकारको प्रडक्ट मोडलिङ गर्दा न्युनतम १ लाख लिने गरेको तथा एक गीतमा कुनै समारोहमा डान्स मात्र गर्दा पनि ८० हजार लिने गरेको बताइन् ।

सेलिब्रेटी रोल-मोडलको हाल व्यापक चर्चा हुने गरेको छ । तर, केवल अनुहार देखाउनकै लागि मोडलिङ गर्ने मोडलहरु भने छायाँमा परिरहेको द च्याम्प मोडलिङ एजेन्सीकी सिइओ जयनसुब्बा मानन्धर बताउँछिन् । कुनै जमानामा मोडलहरूको व्यापक माग हुने गरेको थियो । त्यो बेला वर्तमान

# मोडलिङभन्दा पढाइ प्यारो




मोडलिङको दुनियाँमा डुब्ने चाहना कसलाई हुन्न र ? अझ फेसनको दुनियाँमा मोडलिङमार्फत आफ्नो प्रतिभा देखाउन युवायुवती लालायित भइरहेका हुन्छन् तर मोफसलको मोडलिङमा टिकिरहन नसक्दा र व्यावसायिकीकरण नहुँदा यो क्षेत्र धराशयी बन्दै गएको गतिलो प्रमाण मोफसलका मोडलहरूको अनुभवबाट प्रष्ट हुन्छ । उनीहरु अहिले मोडलिङभन्दा आफ्नो पढाइमा व्यस्त देखिन्छन् ।

मिस पूर्वाञ्चल २०१२ अश्मिता गुरूङ अहिले कक्षा १२ मा पढ्दै छिन् । सजीव लामाको स्वर रहेको एउटा म्युजिक भिडियोमा खेलिसकेकी गुरूङ पढाइसँगसँगै मोडलिङलाई अघि बढाइरहन गाह्रो पर्ने बताउँछिन् । भन्छिन्- 'अलिकति व्यावसायिक भएन भने यो क्षेत्रमा टिक्न मुश्किलै पर्छ र पढाइलाई पनि निरन्तरता दिनुपर्ने हुँदा अलि कठिन पर्छ ।'

त्यस्तै मिस पूर्वाञ्चल २०१३ की विजेता नेहा बजाज, फष्ट रनरअप एलिसा श्रेष्ठ र सेकेन्ड रनरअप वर्षा राईको चर्चा एकै पटक चुलिएको थियो । तर त्यसपछि उनीहरूको पढाइ र कामको व्यस्तताका कारण निरन्तरता पाइरहेको छैन । धरान ७ की १९ वर्षीया नेहा बजाज अहिले विराटनगरमा बसेर ब्याचलर पढ्दै छिन् । उनलाई मोडलिङमा जम्ने रहर भए पनि पढाइकै कारण निरन्तरता दिन नसकेको बताउँछिन् । हिजोआज मोडलिङमा त्यति देखिदैन नि भन्ने प्रश्न गर्दा बजाज भन्छिन्- 'पहिला करिअर बनाउनु पर्‍यो नि, पढाइ छैन भने मोडलिङमा लागेर के गर्नु ।' त्यसैगरी मिस पूर्वाञ्चल २०१३ धरानकी फष्ट रनरअप एलिसा श्रेष्ठ बीपी प्रतिष्ठानमा नर्सिङ सकेर घरमा त्यत्तिकै समय बिताउँदै छिन् । उनलाई मोडलिङमा रूचि भए पनि पढाइको व्यस्तताले यो फिल्डमा आउन नसकिरहेको खुलाइन् । श्रेष्ठ भन्छिन्- 'फिल्ममा खेल्ने रहर छ, अफर पनि आइरहेको छ तर परिवारबाट अनुमति छैन ।'

त्यस्तै झापा निवासी १९ वर्षीया वर्षा राई मिस पूर्वाञ्चल २०१३ सेकेन्ड रनरअप हुन् । बिएसीमा पढ्दै गरेकी राई मोडलिङकै कारण पढाइ बिग्रिएकोमा दुःखी छिन् । राई भन्छिन्- 'पहिला पढाइ अनि त्यसपछि मात्र मोडलिङलाई प्राथमिकता दिन्छु ।'

**- सोहन श्रेष्ठ**

## मोफसलका मोडल नटिक्नुको कारण

पूर्वाञ्चलको धरान, झापा, विराटनगर इलाम, दमक मोडलहरूको उर्वरभूमि मानिन्छ । यही स्थानबाट धेरै मोडलहरु उत्पादन भएर राजधानीमा जमिरहेका छन् । धरानका मोडलहरूमा मिस नेपाल मलिना जोशी, प्रियारानी लामा, प्रतिभा श्रेष्ठ राजधानीमा विभिन्न म्युजिक भिडियो तथा विज्ञापनहरूमा खेलिरहेका छन् । यहाँका संस्थाहरूले मोडलहरूलाई निःशुल्क क्याटवाक गर्न लगाउँछन्, संस्था भने मालामाल हुन्छन् । काठमाडौंमा मात्र केन्द्रित भएर मोडलहरु मोफसलमा नटिक्नु र व्यवसायीकरण नहुँदा स्थानीय युवायुवती विस्तारै मोडलिङ क्षेत्रबाट पलायन हुने सम्भावना देखिन्छ । मिस पूर्वाञ्चलका क्रिएटिभ डाइरेक्टर राजेन्द्र रिमाल यसै भन्छन्- 'उनीहरूमा मोडलिङप्रतिको सोचाइ नै छैन, यसैले पनि यो पेसा नफस्टाएको हो र यहाँका संस्थाहरु पनि व्यावसायिक बन्न नसक्दा मोफसलका मोडलहरूले निरन्तरता नदिएका हुन् ।

समयमा जस्तो रोल-मोडल गर्नेहरूलाई महँगो रकम दिन सक्ने प्रडक्ट कम्पनीको कमी थियो । व्यापारिक घरानाहरूले रोल-मोडलिङमा खर्च गर्ने प्रवृत्ति पनि कमी नै थियो । यद्यपि, मोडलहरूमा व्यापक उत्साह थियो ।

त्यस जमानाका प्रशान्त ताम्राकार, कला सुब्बा, मनिराज लवट, क्षितिजा शाक्य, उषा खड्गी, सुरेश मानन्धर लगायतका मोडलहरूको माग अझै पनि छ । सन् १९९२ बाटै मोडलिङ करिअर सुरू गरेका व्यावसायिक मोडल मनिराज लवट अझै रिटायर्ड बनेका छैनन् । मोडलिङमा लागेका मोडलले काम पाएसम्म रिटायर्ड नबन्ने लवटको दाबी छ । त्यो बेला व्यावसायिक घरानाका प्रडक्टको रोल-मोडलिङको प्रचलन भर्खरै सुरू भएको थियो । आजजस्तो सेलिब्रेटी स्टारलाई मोडल बनाउने प्रचलन थिएन । व्यावसायिक तर नयाँ मोडललाई लिने प्रचलन थियो ।

त्यसबेला पनि राम्रै कमाइ हुने गरेको मोडल लवट बताउँछन् । त्यो बेलाका मोडलहरूले एक प्रडक्टको रोल मोडल बन्दा कति कमाइ गर्थे भन्ने यकिन नभए पनि जीवन निर्वाह गर्न पर्याप्त पुग्ने गरेकोले पनि सबै मोडल सन्तुष्ट बन्ने गरेको लवट सम्झन्छन् । ती मोडलहरु हाल विभिन्न व्यवसायमा व्यस्त बनेकाले पनि मोडलिङमा त्यति नदेखिएको र कतिपय मोडलहरूले विभिन्न फिल्ममा भाग्य जमाइसकेका छन् ।

निशा अधिकारी, नम्रता श्रेष्ठ, रेमनदास श्रेष्ठ, विनीता बराल, विनय श्रेष्ठ, सविन श्रेष्ठ, बेनिशा हमाल, प्रियंका कार्कीलगायतका मोडलहरु हाल नेपाली सिनेमामा भाग्य जमाउन सफलता प्राप्त गरिरहेका छन् । फिल्म लाइनमा आएपछि नाम मात्र पाए पनि रोल-मोडलिङबाट उनीहरूले प्रशस्त कमाइ गरिरहेका छन् । व्यावसायिक रोल-मोडल बनेर मोडलदेखि सेलिब्रेटी मोडल सबै मालामाल बनेका छन् ।

**- श्याम स्मृत**




# चर्चामा दुई चलचित्र



चिसो यामसँगै नेपाली फिल्म बजारमा तीन साता नेपाली फिल्मको आइसब्रेक नै भयो । पुसको तीन साता नेपाली फिल्म बजारमा नयाँ नेपाली फिल्म रिलिजै भएन । पुसको अन्त्यतिर रिलिज भएको ६ एकान ६ ले सेलाएको नेपाली फिल्मको बजारलाई तताउन मद्दत गऱ्यो । दीपकराज गिरी, शिवहरि पौडेल, सीताराम कट्टेल, जीतु नेपाल, केदार घिमिरे लगायतका ६ जना कमेडियन तथा नीता ढुंगाना एक हिरोइनबीचको कथावस्तुमा घुमेको ६ एकान ६ को वास्तविक हिरो अर्जुन श्रेष्ठ हुन् ।

अभिनेता श्रेष्ठले नै हिरोइन नीता ढुंगानाको अर्बौं सम्पत्ति कब्जामा लिन ६ जना कमेडियनलाई प्रयोग गरेको रोचक प्रसंग रहेको छ । कमेडियनहरूको बाहुल्य रहे पनि तीतो-सत्य, जिरे खुर्सानी तथा मेरी बास्सैमा यी कमेडियनहरूले जसरी दर्शक हँसाए, त्यसरी यस फिल्ममा हँसाउन नसकेको दर्शकको टिप्पणी पाइएको छ । यद्यपि, चिस्सिएको नेपाली फिल्म बजारलाई तताउने कार्य यो फिल्मबाट केही हदसम्म भयो । त्यो नै सफलताको आँकन मानिएको छ । ६ एकान ६ ले हालसम्म १ करोड व्यापार गरेको यस फिल्मकी निर्मात्री दीपाश्री निरौलाको दाबी छ । यस फिल्ममा अभिनेत्री दीपाश्रीका अलावा दीपकराज गिरी र गैंडा निर्मल शर्माको पनि लगानी रहेको छ । निर्देशन दिनेश डीसीले गरेका छन् ।

६ एकान ६ को सफलतासँगै माघ २४ गते 'झोला हेर्न जाऔं' नारा बोकेर नेपाली फिल्म बजारमा आएको नेपाली फिल्म झोलाको चर्चा बौद्धिक वर्गमा निक्कै भएको पाइयो । बौद्धिक वर्गका दर्शकले यो फिल्मलाई मन पराएको पाइयो । विशेषतः विभिन्न दलका नेताहरूले झोला फिल्मले नेपाली परिवेश र समाजलाई उजागर गर्ने कार्यमा मद्दत गरेको टिप्पणी गरे । झोला बरिष्ठ साहित्यकार कृष्ण धराबासीको अमर कृति हो । यसै कृतिलाई अझ अमर बनाउन विगत सात वर्षदेखि संचारकर्मी यादवकुमार भट्टराई फिल्मांकन गर्न क्रियाशील बनिरहे । यसको पटकथा लेखनमा भट्टराईलाई केही वर्षअगाडि मात्र निधन भएका निर्देशक दीपक आलोकको पनि साथ र सहयोग रहेको थियो ।

यादवकुमार भट्टराईको निर्देशनमा निर्मित फिल्म झोला विशेषतः १ सय १० वर्ष पुरानो ऐतिहासिक प्रसंग सति प्रथामा आधारित छ । सति प्रथा कुप्रथा हो भन्ने यथार्थ देखाउन सफल यस फिल्ममा श्रीमान्को निधन पश्चात सति जान विवश पारिएकी नारीले यस प्रथाविरूद्ध गरेको विद्रोह अनि उक्त विद्रोहले ल्याएको नयाँ संरचनालाई देखाइएको छ । विद्रोही नारीको भूमिकामा शालीन हिरोइन गरिमा पन्तको अभिनय रहेको छ । उनका श्रीमान्को भूमिकामा अभिनेता दीपक क्षेत्री रहेका छन् ।

मुलुकभरका हलमा रिलिज हुनुको अलावा विभिन्न स्थानमा च्यारिटी-शो पनि गरिएको यस फिल्म अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा पनि मनोनयनमा परेको छ । व्यावसायिक रूपमा फिल्मले जे-जस्तो व्यापार गरे पनि यस फिल्मले पाएको बौद्धिक चर्चा र महत्व नै विशेष बनेको छ ।



# मिसुमीमा मिस मंगोलको मुस्कान

कामकाजी महिला तथा पुरूषहरु अचेल कपाल फुलेर हैरान बन्ने गरेका छन् । सेता कपालले उमेरमै बूढोजस्ता देखाइदिंदा उनीहरु दिक्क बनेको देखिन्छ । त्यसमाथि कपाल रंगाउन समय नहुनु अर्को समस्या भएको छ । यो समस्याबाट मुक्ति पाउन अनेकन उपाय अब गर्नै नपर्ने भएको छ । यसको लागि बजारमा अनेकन प्रशाधन पाइन थालेको छ । ती प्रशाधनले असाधारण रूपले कामकाजीहरूलाई सहज बनाउन सक्छ ।

कोरियाबाट आयातित ब्राण्डेट कस्मेटिक प्रडक्टहरु पाइने काठमाडौंको सुन्धारास्थित सिभिल ट्रेड सेन्टरको पसल नंबर २२३ मा रहेको मिसुमी कस्मेटिकमा कोरियन हेअर कलर पाइने गरेको छ । ८ सय ७५ रूपैयाँ मात्र पर्ने हेअर कलरको विशेषता भन्नु नै फुलेका सेता कपाललाई तुरुन्तै स्याम्पु लगाएजस्तो लगाएर एकैक्षणमा पखालेर कालो बनाउन सकिन्छ । यही यो कोरियन प्रडक्टको विशेषताले कामकाजी धेरै महिला तथा पुरूषहरूले यसलाई मन पराउन थालेका छन् ।

हुन त यो वर्षकी मिस मंगोल मुस्कान लिम्बूको कपाल फुलेको छैन । कपाल फुलेर हैरान बन्नु नपरेको भए पनि कहिलेकाहीं हतारमा कपाल रंगाउनु पर्दा धेरैले मन पराएको उक्त कोरियन कस्मेटिक प्रडक्ट नै प्रयोग गर्ने गरेको उनले खुलासा गरेकी छन् । मिसुमी कस्मेटिकमा नै भेटिएकी मिस मंगोल लिम्बू हाइहिल धेरै प्रयोग गर्दा कहिलेकाहीं अप्ठ्यारो हुने गरेको गुनासो गरिरहेकी थिइन् । त्यसको पनि समाधान रहेको बताउँदै मिसुमी कस्मेटिकका मेनेजिङ डाइरेक्टर सोनु थापामगरले फुड फ्रेस प्याकले तुरुन्तै समस्या समाधान गर्ने भनेपछि मुस्कुराउँदै उक्त प्रडक्टलाई ओल्टाई-पल्टाई हेर्नमा व्यस्त बनेकी थिइन् ।

मिस मंगोल बनेदेखि मिसुमीका कोरियन कस्मेटिक प्रयोग गर्न थालेको बताउने मुस्कान विशेषतः मिसुमीका विश्वप्रसिद्ध मिसा, इटुड हाउस, टोनीमोनी, द फेस इट र स्कीन फुड आदि ब्राण्डका लिप ग्लस, आइस्याडो, मोस्चराइजर, पाउडर, नेलपोलिसजस्ता हरेक कस्मेटिक नेपाली माझ पनि विस्तारै लोकप्रिय बन्न थालेको बताउँछिन् ।

विशेषतः कस्मेटिक प्रयोग गर्दा ब्राण्डेड नै प्रयोग गर्नुपर्ने र यसले स्वास्थ्य तथा सौन्दर्यमा कुनै पनि प्रकारका असर नपर्ने ग्यारेन्टी भएबाट यसतर्फ आकर्षित बनेको यथार्थ पनि उनले बताइन् । मिस मंगोलको सल्लाह र सुझाव छ- कस्मेटिक भनेको ब्राण्डेड नै लिनुपर्दछ ।




तस्वीर : अजय देशार







तस्वीर : अजय देशार

# मिलानोमा आगन्तुकको आकर्षण

## गायनबाट

सेलिब्रेटी बनेकी आगन्तुक खरेलको गन्तव्य बुटिक होला भनेर कमैले सोचेको हुनुपर्छ । सानैदेखि फेसनेवल यी सेलिब्रेटीको काठमाडौंको दरबारमार्गस्थित मिलानो बुटिकमा पुग्दा धेरैजनाको आँखा आगन्तुकले लगाउने गरेको फेसनमा नै जाने गरेको पाइएको छ ।

जनवरीको पहिलो हप्ता विन्टर वेयर स्वेटरमा भेटिएकी उनी जनवरीको अन्ततिर सोही बुटिकमा अलि गर्मी महसुस भएकोले होला- विन्टर वेयरमा खुलेकी थिइन् । आगन्तुकको मिलानोमा विशेषतः टिनएजर तथा कामकाजी महिलाहरूलाई लक्षित गरिएका फेसन वेयर पाइने गरेको छ । कोरिया, हङकङ, लण्डनबाट आयातित स्कर्ट, टिसर्ट टप्स वान पिस, जिन्स, पाइन्ट, हाफ पाइन्टहरूका साथमा पार्टी वेयरहरु पनि मिलानोमा पाइने गरेको छ ।

बेल्ट, स्कार्फका अलावा कान, घाँटी र हातका विभिन्न डिजाइन एसेसरिजहरु पाइने भएकोले मिडिया पर्सनदेखि सेलिब्रेटी सबैको आकर्षण मिलानो बनेको छ । यो वर्षको हिट मानिएको नेपाली फिल्म ६ एकान ६ की हिरोइन नीता ढुंगानाले उक्त फिल्ममा प्रयोग गरेका सबै फेसन डिजाइन मिलानोकै हो । मिलानोले ६ एकान ६ बाट फिल्मको लागि पनि कस्टुम डिजाइन गर्न थालेको समेत बताउने आगन्तुक गायन सौख भए पनि बुटिक व्यवसाय भएको सुनाउँछिन् ।

'वनमा फुल्यो फूल माया'देखि 'बयर बोटैमा' लगायतका हिट गीतकी गायिका उनी आफूलाई कम्फर्टेबल फेसन लगाएमा शरीर फिट एन्ड फाइन हुने तर्क गर्छिन् । मिलानोमा कतिपय महिलाहरु शारीरिक बनौट अनुरूपका फेसन वेयर नपाएर हैरान बनें भनेर आउने गर्दछन् । कोही अग्ली तथा कोही मोटी जस्तोसुकै उमेर समूहका भए पनि उनीहरूलाई सुन्दर बनाउनका लागि आवश्यक फेसन वेयर तयार गर्नु नै हाल आफ्नो विशेष काम भएको उनले बताइन् ।

तपाईं आफैले नयाँ फेसनेवल डिजाइन वेयर गरेर देखाइदिनुस् भन्नेहरूको जमात पनि उनको बुटिकमा कम छैन । त्यस्ता जमातको माझमा आफै मोडल बन्ने गरेको रोमान्चकारी घटनाहरु पनि सुनाउने उनी आफ्नो गीतको म्युजिक भिडियोको आफै मोडल समेत हुन् । उनीसँग 'बयर बोटैमा' बोलको गीतमा मोडलिङ गरेका मोडल सविन श्रेष्ठ हाल नेपाली फिल्मका चर्चित हिरो बनिसकेका छन् ।


राष्ट्रिय दैनिक
कमाण्डर पोष्ट
प्रस्तुत गर्दछ
ग्राहक बन्नुहोस् र तुरून्तै भित्तेघडी उपहार प्राप्त गर्नुहोस्
त्यति मात्र कहाँ हो र !
हरेक हप्ता
लक्की ड्र गरी
२ जना वार्षिक
ग्राहकलाई १/१ थान
लाल्टीन उपहार ।
प्रथम
पुरस्कार
पल्सर बाईक १५० सि.सि.
१ जनालाई
द्वितीय
पुरस्कार
ल्यापटप
१ जनालाई
तृतीय
पुरस्कार
२१ ईन्च
कलर टिभि
१ जनालाई
सान्त्वना
पुरस्कार
मोबाईल सेट
१० जनालाई
ग्राहक दर
वार्षिक - रू. १५००/-
अर्ध वार्षिक - रू. ८००/-
त्यसैले निम्न ठेगानामा सम्पर्क
गरी आजै ग्राहक बन्नुहोस ।
* यो योजना २०७० चैत्र मसान्त सम्म कायम रहनेछ ।
सम्पर्क ठेगाना
युग पब्लिकेशन प्रा.लि.
पुतलीसडक, काठमाडौ, फोन: ४४४०३५० (Ext 35) /०१-२२१२२२३

# मिस नेवाःलाई भ्याइनभ्याई

अलिशा वज्राचार्यलाई यतिखेर भ्याइनभ्याई छ । मिस नेवाःको ताज पहिरिएपछि आफूमाथि थपिएका भार सम्हाल्नु त छँदै छ लायन्स क्लबको काम पनि भ्याउनु छ उनलाई । नेप्लीज फेसन होमद्वारा आयोजित 'मिस नेवाः' को नवौं संस्करणकी सुन्दरी घोषित भएपछि अलिशाको दिनचर्या फेरिएको हो । काठमाडौं मैतीदेवीकी २१ वर्षीया अलिशाले मिस नेवाः बनेपछि आफ्नो एउटा इच्छा पूरा भएको बताएकी छन् । तर उनको मुख्य लक्ष्य पूरा गर्न भने बाँकी नै छ । मिडिया टेक्नोलोजीकी विद्यार्थी अलिशाले भनिन्, 'मेरो लक्ष्य भनेको मिडिया पर्सन भनेर चिनिनु हो ।' सानैदेखि क्राउन जित्ने अभिलाषा बोकेकी अलिशाले 'मिस नेवाः ११४३' को क्राउन पहिरिएपछि भनिन्- 'मिस नेवाःको ताज मेरो लागि खुड्किलो बनेको छ । अब यही भऱ्याङ चढेर लक्ष्यमा पुग्नेछु ।'




अलिशा आफ्नो इच्छा र लक्ष्यप्रति दृढ छिन् । किनकि जतिखेर उनले अध्ययन पूरा गर्ने भन्दै एयर होस्टेजको जागिर त्यागेर मिडिया टेक्नोलोजी रोजिन्, त्यतिखेरै उद्देश्यप्रति प्रष्ट छिन् भन्ने उदाहरण दिएकी हुन् । अलिशाले भनिन्, 'मिस नेवाः प्रतियोगितामा भाग लिने सोच पहिल्यैदेखि थियो तर १९ वर्षमै यती एयरलायन्सको 'एयर होस्टेज' बनेका कारण सहभागी हुन सकेकी थिइनँ तर अध्ययनले गर्दा समय दिन नसकेर एयर होस्टेजको जागिर पनि छाडें । अहिले दिउँसो फुर्सद हुन थालेका कारण प्रतियोगितामा भाग लिएकी हुँ र ताज पनि जित्न सफल भएँ ।' मिस नेवाः बनेपछि उनलाई नेपाल रिलिफ क्यान्सर सोसाइटीले गुडवील एम्बेसडर र कामनपाले एक वर्षका लागि वातावरणीय एम्बेसडर बनाएको छ । त्यस्तै एनएफएचले सोसलिस्ट एम्बेसडर बनाएको छ । उनले ती आफूमाथि आएका जिम्मेवारी पूरा गर्न कटिबद्ध रहेको सुनाइन् । उनले भनिन्, 'म आफ्नो जिम्मेवारीबाट भाग्ने छैन । नेवार समदायमा जन्मेकी छोरी हुँ । र, लायन्स क्लबमा पनि आबद्ध भएको नाताले अब एक वर्ष क्लबको सहकार्यमा नेवार समदायको कला, संस्कृति र भेषभूषाको प्रवर्द्धनका कार्यहरु गर्नेछु ।' उनले आफ्नो ताजको समयावधि सकिएपछि चलचित्रमा अभिनय गर्नेसमेत बताइन् । 'मेरो रूचि भनेकै मिडिया पर्सन बनेर चिनिनु हो । तर मैले यो एक वर्षमा आफ्नो जिम्मेवारीहरु पूरा गर्नुपर्ने भएकाले मोडलिङ र अभिनयमा समय दिन सक्दिनँ होला', अलिशाले भनिन्- 'तर एक वर्षपछि फिल्ममा अभिनय पनि गर्नसक्छु ।'

**- एमपी सुब्बा**

**एल.पी. ग्याँस प्रयोगकर्ताहरूलाई सुरक्षासम्बन्धी अति आवश्यक जानकारी**

- सिलिण्डर ल्याउँदा गुडाउनु हुन्न, भान्सामा सिलिण्डर सधैं ठाडो राखी प्रयोग गरौं, सुताएर वा घोप्ट्याएर प्रयोग नगरौं।
- रेगुलेटर, रबर पाइप, चुल्होजस्ता उपकरणहरु गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गर्नुपर्दछ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउनुपर्दछ।
- काम सकिएपछि सधैं ग्याँस सिलिण्डरको रेगुलेटर बन्द गर्नुपर्दछ।
- भान्सारमा ग्याँस गन्ध आइरहेको छ भने लिक भइरहेको छ भन्ने बुझ्नुपर्दछ, यस्तो बेला पहिले रेगुलेटरको र पछि चुल्हाको नव (Knob) बन्द गर्नुपर्दछ।
- ग्याँस लिक भएको थाहा भएमा कहिल्यै पनि ग्याँस चुल्हो, लाइटर, धूप तथा कोठाको बिजुली बत्ती बाल्नुहुँदैन।
- बरु तुरुन्तै सबै झ्याल, ढोका, ग्याँसको मात्रा घटाउनेतर्फ लाग्नुपर्दछ।
- रेगुलेटरबाट ग्याँस लिक भएमा सिलिण्डरको भल्वमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राख्नुपर्दछ र नजिकको ग्याँस विक्रेता वा सम्बन्धित ग्याँस उद्योगलाई तुरुन्त खबर गर्नुपर्दछ।
- ग्याँस सिलिण्डरदेखि चुल्होसम्मको रबर पाइप प्वाल परे नपरेको चेक गर्नुपर्दछ र पाइप देखिने गरी जोड्नुपर्दछ।
- ग्याँस पाइपका दुवैतर्फ क्लयाम्पले राम्रोसँग कस्ने गर्नुपर्दछ।
- ग्याँसको चुल्हो जहिले पनि ग्याँस सिलिण्डरभन्दा माथि राख्नुपर्दछ।
- ग्याँसको रबर पाइप १.५ देखि २.० मिटर भन्दा लामो हुनु हुन्न।

नेपाल आयल निगम
(नेपाल सरकारको स्वामित्व प्राप्त)



# मिसेस नेपालको

पोखरेली सुन्दरी अनिता गुरूङको बिहे भएको पनि सात वर्ष भइसकेको छ । यो अवधिमा बाल-बच्चा कति वर्षका भए भनेर सोध्नेहरूलाई अनिता एउटै जवाफ दिने गर्छिन्- 'मेरो बच्चा भएको छैन । अब चाँडै त्यसको लागि सुरसार गर्दै छौं ।' सन्तान नभए पनि सन्तान पाएजस्तै खुसी उनलाई मिसेस हिमालयन नेपाल-२०७० को टाइटल अवार्ड जित्दा भएको छ ।

हुन त मिसेस हिमालयन नेपालको ब्युटी पेजेन्टमा कडा प्रतिस्पर्धा भएको थियो । अनिताकी प्रतिद्वन्द्वी अस्मिता प्रधानले त उनलाई च्यालेन्ज नै दिएकी थिइन् । उनका लागि मिसेस हिमालयन नेपालमा अस्मितालाई एक स्टेप पछाडि पारेर जित्न सक्नु नै महत्वपूर्ण पल बनेको थियो । टाइटल जितेपछि सामाजिक रूपमा पनि बढी जिम्मेवारी बढेको महसुस गरेकी उनी आफ्नो सफलताको पछाडि श्रीमान् तिलक लामाको निरन्तर सहयोग तथा साथ रहेको बताउँछिन् ।

पोखराको लालिगुराँस टोलमा जन्मिएकी २५ वर्षीया अनिता एसएलसी नसकिंदै फेसन डिजाइनिङ तथा मोडलिङमा लागेकी थिइन् । पोखरामा हुने विभिन्न फेसन-मोडलिङमा भाग लिएर अघि बढेकी उनले एसएलसी पश्चात फेसन-डिजाइनिङ पढ्नको लागि काठमाडौं आएकी थिइन् । काठमाडौंमा नमूना फेसन-डिजाइन कलेजमा भर्ना भएर फेसन-डिजाइन कोर्शमा डिप्लोमा गरेकी उनको एउटा पारिवारिक जमघटमा चितवनका तन्नेरी तिलक लामासँग आँखा जुधेको थियो ।

बिहेअगाडि हुनेवाला श्रीमान् भारतीय सुपरस्टार सलमान खानजस्तो हुनुपर्ने अपेक्षा गरेकी अनिताले तिलकमा सलमान नै पाइन् । सलमान खानजस्तो ह्यान्सी तथा हाइटी पति पाउँदा मक्ख नहुने कुरै भएन । दुवैबीच माया-प्रेम बसेको एक वर्षमा नै बिहे भैहाल्यो । बिहे बौद्धको गुम्बामा भएको थियो । बिहेको भोलिपल्टै श्रीमान्को ओभरसिज कम्पनी रेज रेक्रुमेन्ट प्रा.लि.मा कम्पनी मेनेजरको रूपमा जिम्मेवारी सम्हालेकी उनी हाँस्दै भन्छिन्- 'हनिमुन त कम्पनीकै वर्कमा पो भयो ।'

बिहेको लगत्तै कम्पनीको कार्यमा निक्कै व्यस्त बन्नुपरेकोले २५ दिनपछि दुबई तथा मलेसियामा हनिमुन मनाएको स्मरण उनले गरिन् । विदेशको हनिमुन साँच्चै भन्ने हो भने बिन्दास रूपमा मनाएको बताउने उनले बिहे पश्चात हरेकको लागि हनिमुन अति आवश्यक हुने र यसले श्रीमान्-श्रीमतीबीचको सम्बन्धलाई अझ बढी नजिक्याउने अनुभव सुनाइन् ।

ड्राइभिङ, कुकिङ् तथा सपिङ् गर्न निक्कै रूचि राख्ने अनिता श्रीमान् तिलकलाई कारको अगाडि सिटमा राखेर ड्राइभिङ गर्न निक्कै रूचि राख्ने गर्छिन् । कामको बोझले थाकेका श्रीमान्लाई लङ ड्राइभ गरेर कैयौंपल्ट रिफ्रेस गर्ने गरेकी छन् । बिहे भएको सात वर्ष बितिसक्दा पनि अनिता र तिलकलाई धेरैले गर्लफ्रेन्ड तथा ब्वाइफ्रेन्ड भन्ने गरेका छन् ।

दुवैजना चपली भंगाल निवासबाट चण्डोलस्थित ओभरसिज कम्पनीमा कारमा आउँदा वैदेशिक रोजगारीमा जाने धेरैको मनमा अनिता तिलक सरको गर्लफ्रेन्ड होला भन्ने







तस्वीर : आशाकाजी महर्जन

# लङ ड्राइभ

शंका उत्पन्न हुने गरेको छ । त्यसको अलावा कतिपय कम्पनीका स्टाफहरूमा प्रारम्भका दिनमा उनीहरु श्रीमान्-श्रीमती भएको समेत जानकारी भएन । शायद एकले अर्कोलाई गर्ने साथीत्वको बोलीबचन तथा व्यवहारले त्यसो भएको हुनुपर्ने तिलकको भनाइ छ ।

तिलकलाई अनिताको हरेक व्यवहार अति नै मनपर्ने गरेको छ । अनिताको अनुहार मात्र देख्दा पनि दिनभरको सबै थकान हट्ने बताउने उनी आफ्नी जीवनसंगिनी मिसेस हिमालयन नेपाल-२०७० बन्दा अत्यन्त खुशी लागेको सुनाउँछन् । यसको लागि महिनौंदेखिको उनको परिश्रम, मेहनत तथा लगनशीलताले धेरै मद्दत गरेको तिलक बताउँछन् । यो जोडीलाई धेरैले फिल्मी हिरो-हिरोइन बन्न अफर पनि गरिसकेका छन् । यद्यपि, यो जोडीको फिल्मप्रति खासै चासो छैन । बरू, आफ्नो लाइफस्टाइलसँग मिल्ने स्टोरी भएमा म्युजिक भिडियोसम्म खेल्ने चाहना छ । अनितालाई कस्मेटिक तथा ज्वलेरीका प्रडक्टमा मोडलिङ गर्ने रहर छ । कमाइको आधा खानेकुरा तथा फेसन वेयरमा खर्चिने यो जोडी अर्काको दुःख देख्न सक्दैन । दुःखीका लागि विभिन्न सहयोग गर्ने कार्य उनीहरूबाट हुँदै आएको छ ।

जतिसुकै मोडर्न तथा फेसनेबल भए पनि यो जोडीमा स्मोकिङ तथा ड्रिंकिङ गर्ने बानी छैन । अनिताको दाबी छ- 'जिन्दगीमा अहिलेसम्म स्मोकिङ गरेकी छैन । फेसनेबल तथा मोडर्न भयो भन्दैमा शरीरलाई हानि हुने यस प्रकारको कार्य हामीबाट कदापि हुने छैन ।'

**- श्याम स्मृत**


capitalFM
92.4
तस्वीर : उज्ज्वल प्याकुरेल
लोकेशन : क्यापिटल एफएम

# लाखौंका नेत्रज्योति

शुद्ध मन र दीर्घकालीन लक्ष्य लिएर अघि बढ्यो भने छोटै अवधिमा इतिहास बदल्न सकिन्छ भन्ने उदाहरण खोज्ने हो भने डा. रामप्रसाद पोखरेलको कर्म नियाल्नुपर्ने हुन्छ । आजभन्दा करिब तीन दशकअघि आँखा उपचारका लागि नेपालमा न त कुनै पूर्वाधार थियो न त पर्याप्त चिकित्सक नै । तर अहिले नेपाल आँखा उपचारमा आत्मनिर्भर मात्र भएको छैन छिमेकी मुलुक भारतका नागरिकसमेत नेपालमा उपचारका लागि आउन थालेका छन् । एउटा क्षेत्रमा राष्ट्रलाई काँचुली फेराउन सक्नु भनेको सानो सफलता होइन । यो सफलताका लागि राष्ट्रकै पहल भए पनि पूरा गर्न गाह्रो पर्नसक्छ तर डा. पोखरेलको पहलले यो सम्पन्न भएको छ ।

बेलायतबाट आँखा उपचारमा उच्च शिक्षा लिएर फर्किएपछि वीर अस्पतालमा नेत्ररोग विशेषज्ञका रूपमा सेवा गर्दा डा. पोखरेलले देखे- दुवै आँखाको ज्योति गुमाएका बिरामीहरूको संख्या सयौं छ तर अस्पतालसँग ती सबैको उपचार गर्ने क्षमता छैन । बिरामीले एक वर्षसम्म प्रतीक्षामा बस्नुपर्ने अवस्था छ । अस्पताल नै आउन नसकेका मानिसहरूको संख्या योभन्दा कैयौं गुणा बढी हुनसक्थ्यो । यो विषयले उनलाई झस्कायो । सरकारी तहबाट मात्र आँखाको यस्तो विकराल समस्या समाधान हुन नसक्ने निष्कर्षमा उनी पुगे र विभिन्न जिल्लामा आँखा शिविरहरु संचालन गर्न थाले । भक्तपुर, दोलखा, डोटी, इलामबाट सुरू भएको यो यात्रामा उनले देशका ६५ जिल्ला छिचोलिसकेका छन् ।

शिविरबाट सामान्य रोगको उपचार गर्ने र जनचेतना फैलाउन त सकिन्थ्यो तर आँखाका लागि साँच्चै नै पूर्ण उपचार दिन सकिंदैनथ्यो । त्यसैले उनले गैरसरकारी आँखा अस्पतालको सोच अगाडि बढाए । २०३० सालमा गुठी संस्थानको सत्तल रहेको त्रिपुरेश्वरमा उनले वीर अस्पतालको सेवापछि बिरामी जाँच्ने काम सुरू गरे । यसैलाई नेपालको पहिलो आँखा अस्पताल नेपाल आँखा अस्पतालको रूप दिइएको थियो । आँखा अस्पतालमा उनका सहयोगीहरु थिए- रविशमशेर, अनंगमान शेरचन, मणिहर्ष ज्योति, बद्रीविक्रम थापा, कमल दीक्षित, राजकृष्ण श्रेष्ठ, वनवारीलाल मित्तल । उनको सेवाभावलाई सघाउने सहयोगी हातहरु दिनप्रतिदिन बढ्दै गए । ती सहयोगीमा विदेशी तथा स्वदेशी दुवै थिए ।

नेपालमा आँखाको अलग्गै अस्पताल संचालन गर्नु सजिलो थिएन । सुरुमा त गुठीको जग्गामा आँखा अस्पताल सुरु गरिएकोले जग्गामा मुद्दा पऱ्यो र त्यसले कैयौं वर्ष अदालत धाउन बाध्य पाऱ्यो । आखिर आँखा अस्पतालको मुद्दाको छिनोफानो भयो र अस्पतालको भौतिक संरचना पनि निर्माण हुन थाल्यो । आँखा अस्पतालको भवन निर्माणका लागि सुरुमा क्यानडियन सहयोग आयो भने दोस्रो चरणमा जापानी सहयोग पनि प्राप्त गर्न उनी सफल भए । आँखा अस्पतालको स्थापनापछि राजधानी काठमाडौं र वरिपरिका जिल्लाका आँखा रोगीको त उपचार गर्न सहज भयो तर गाउँका जनताको समस्या ज्युँका त्युँ थियो । आँखा शिविरहरूमा जाँदा उनलाई यो कुराको पूर्ण ज्ञान भइसकेको थियो । त्यसैले अब जिल्लामा आँखा रोगको उपचारको योजना उनले बनाए ।

धोवीघाटमा निर्माण गरिएको घरमा आफू नबसी उनले एकजना क्यानडियनलाई बहालमा दिएका थिए । एक दिन सँगै खाना खाने बेलामा क्यानडियनले नेपालमा क्यानडाले सहयोग गर्न चाहेमा कुन क्षेत्रमा सहयोग गर्नु उपयुक्त होला भन्ने प्रश्न गरे । डा. पोखरेलले नेपालमा अति आवश्यकताका क्षेत्रहरूलाई अघि सारे- खानेपानी, सडक, आँखा उपचार । ती क्यानडियनकी दिदी दिल्लीस्थित क्यानडियन राजदूतकी श्रीमती रहिछन् । उनले दिल्लीमा भनेर तत्कालका लागि ५ हजार डलर सहयोग दिलाइदिए । डा. पोखरेलले आफ्नै पहलमा कुष्ठरोग पीडित केही किशोरीलाई संरक्षणमा लिई रोग निवारणपछि नर्स बनाउने उद्देश्य लिएका थिए । क्यानडाबाट प्राप्त भएको त्यो सहयोग उनले तिनै किशोरीहरूको पढाइमा खर्च गरे । उनले पढ्न पठाएका सबै चेलीहरु सक्षम भएर निस्किए र अहिले पनि स्वास्थ्य सेवामा क्रियाशील रहेका छन् । उनले केवल आँखाको अस्पताल स्थापना र उपचारमा मात्र ध्यान नदिई आफूपछिको पुस्ता निर्माणमा पनि ध्यान दिइरहेका छन् । उनको पहल र सहयोगमा सयौं डाक्टर र नर्स उत्पादन भइसकेका छन् । पछिल्लो समय आँखा उपचारका क्षेत्रमा ख्याति कमाएका डा. सन्दुक रूइतले पनि डा. पोखरेलकै प्रेरणा र

**आँखा अस्पतालको स्थापनापछि राजधानी काठमाडौं र वरिपरिका जिल्लाका आँखा रोगीको त उपचार गर्न सहज भयो तर गाउँका जनताको समस्या ज्युँका त्युँ थियो । आँखा शिविरहरूमा जाँदा डा. पोखरेललाई यो कुराको पूर्ण ज्ञान भइसकेको थियो । त्यसैले अब जिल्लामा आँखा रोगको उपचारको योजना उनले बनाए ।**

सहयोगमा यो स्थान हासिल गर्न सकेका हुन् । वीर अस्पतालमा काम गर्दा डा. पोखरेलको सहयोगी रहेका रूइतलाई उनले भारतको मधुराई अरविन्द आँखा अस्पतालमा पढ्न जाने व्यवस्था मिलाइदिएका थिए । एउटा रोचक घटना के भने डा. रूइतले पोखरेलले पहिलो क्यानडियन सहयोगमा नर्स पढ्न पठाएका चेलीमध्ये एकसँग विवाह गरेका थिए ।

नेपाल आँखा अस्पतालले मात्र देशभरिको अन्धोपन निवारण गर्न नसक्ने ठहर गरी उनले नेपाल नेत्रज्योति संघको नयाँ अवधारणा अघि सारे । गैर सरकारी संस्थाको अवधारणा अन्तर्गत स्थापित नेपाल नेत्रज्योति संघले राजधानीबाहिर आँखा अस्पताल स्थापना गरी संचालन गर्न थाल्यो । सोच राम्रो भए पनि यो काम गर्न एक्लो प्रयास संभव थिएन । त्यसैले उनले आफूसँग सम्पर्कमा भएका स्वदेशी तथा विदेशीहरूलाई सहयोगको आह्वान गरे । १४ वटा अञ्चलमा आँखा अस्पताल स्थापना गर्ने उनको सोचलाई स्थानीय समाजसेवी तथा दाताले सघाए । स्थानीय व्यक्तिहरूबाट अस्पतालका लागि जग्गा उपलब्ध हुन थाल्यो । उनले विदेशी संस्थालाई आग्रह गरी ती क्षेत्रका अस्पतालको व्यवस्थापन हेर्ने जिम्मा पनि उनीहरूलाई नै दिन थाले । यो सोचले छोटै अवधिमा सफलता प्राप्त गऱ्यो ।

जिल्लामा अस्पताल स्थापना गर्नुअघि उनले देशव्यापी रूपमा आँखाको सर्वेक्षण गराएका थिए । देशभर आँखाको सर्वेक्षण गर्नु जनगणना गर्नुभन्दा जटिल र खर्चिलो थियो । यो कामका लागि प्रशस्त समय र खर्च लाग्ने

**कुनै पनि क्षेत्रमा सफलताका लागि डा. पोखरेलको सूत्र सामान्य छन् । उनी बुँदागत रूपमै भन्छन्- लगतशीलता, हिसाबको पारदर्शिता, इमानदारिता, विश्वास अनि संचार । संस्था संचालकमा यी गुण भएमा सफलता गाह्रो नभएको उनको अनुभवसिद्ध ज्ञान छ ।**

निश्चित थियो । जहाँ इच्छा त्यहाँ उपाय भन्ने उक्ति यहाँ पनि सार्थक भयो । उनलाई सर्वेक्षणका लागि विश्व स्वास्थ्य संगठन तथा अन्य दातृ राष्ट्रबाट सहयोग प्राप्त भयो । क्यानडाले त सर्वेक्षण अवधिभरका लागि एउटा हेलिकोप्टर नै पठाएको थियो । विदेशको आर्थिक तथा प्राविधिक सहयोग तथा स्वदेशबाट पनि मिलेको सहयोग र साथले ६ महिनामै आँखा सर्वेक्षण पूरा भएको थियो । एउटा गैर सरकारी संस्थाले गरेको सर्वेक्षण भए पनि यो राज्यकै तर्फबाट गरिएको जस्तो थियो । सर्वेक्षणकर्ता हरेक नेपालीको घरमा पुगेर तथ्यांक संकलन गरिएकोले यथार्थ विवरण प्राप्त भएको दाबी डा. पोखरेल गर्छन् । सन् १९८१ मा गरिएको त्यस सर्वेक्षणको निष्कर्ष थियो- नेपालमा आँखाको पहिलो समस्या मोतिया विन्दु हो । त्यसपछि आउँछ खस्रे रोग (ट्रकोमा) र कुपोषणका कारण बालबालिकामा लाग्ने रोग । यो तथ्य थाहा भएपछि अगाडि बढ्न सजिलो भएको उनी बताउँछन् ।

नेपाल नेत्रज्योति संघ अन्तर्गत अहिले १४ अञ्चलमा १६ वटा अस्पताल संचालनमा रहेका छन् । यी अस्पताल पहाडी क्षेत्रमा भन्दा तराईका जिल्लामा बढी केन्द्रित छन् । तराईका जिल्लामा बढी आँखा रोगी देखा परेका तथ्यांककै आधारमा अस्पताल स्थापना गरिएको भए पनि अब पहाडी जिल्लाहरूमा पनि विस्तार गर्ने सोच उनले राखेका छन् । हुन त नेतृत्व हस्तान्तरणको इच्छाअनुसार उनी अहिले संरक्षक मात्र रहेर व्यवस्थापनको जिम्मा नयाँ पुस्तालाई हस्तान्तरण गरिसकेका छन् तर पनि बाचुञ्जेल आँखा उपचारका क्षेत्रलाई अघि बढाउन नछाड्ने कुरामा उनी दृढसंकल्पित छन् । पछिल्लो समय गत भदौमा धनकुटामा डा. रामप्रसाद पोखरेल आँखा अस्पतालको उद्घाटन गरिएको थियो । अब आँखा अस्पताल विस्तारका क्रममा धनकुटापछि पाल्पा, कास्की, डडेलधुरालाई प्राथमिकतामा राखिएको उनी सुनाउँछन् ।

नेपाल नेत्रज्योति संघअन्तर्गतका अस्पतालहरूले वर्षमा मोतिया विन्दुको तीन लाख अप्रेसन गर्ने गरेका छन् । यसमा नेपालीको संख्या ७० हजार छ भने बाँकी भारतीयको । तराईका जिल्लामा अवस्थित अस्पतालमा ठूलो संख्यामा भारतीयहरु आँखा उपचार गर्न आउँछन् । भारतमा भन्दा नेपालमा आँखा उपचार सस्तो र भरपर्दो भएकैले यो आकर्षण बढेको हो । तीन दशकअघिको अवस्था भने ठीक उल्टो थियो । आर्थिक अवस्था गतिलो भएका नेपालीहरु सीमावर्ती भारतीय अस्पतालमा पुगेर आफ्नो गुमेको नेत्रज्योति फर्काउँथे भने नसक्नेहरु सामान्य उपचार पनि गराउन असमर्थ हुँदा जीवन अँध्यारोमा बिताउन बाध्य हुन्थे । नेत्रज्योति संघ अन्तर्गतका अस्पताल स्थापना कालमा विदेशी सहयोगमा चले पनि अहिले प्रायः सबै अस्पताल आत्मनिर्भर भइसकेका छन् र व्यवस्थापनको जिम्मा नेपालीहरूले नै लिएर कुशलतासाथ संचालन भइरहेका छन् । तराईका अस्पतालहरु नाफामै संचालन भइरहेका र त्यहाँको नाफाले अन्य क्षेत्रका अस्पताललाई सहयोग गर्न सकिएको जानकारी डा. पोखरेलले दिएका छन् । आँखा उपचारमा प्राप्त भएको यो सफलताले अब कुनै पनि नेपाली उपचार नपाएर अन्धो बन्नुपर्ने अवस्था छैन । नेत्रज्योति संघले गरिब नेपालीको निःशुल्क उपचारको व्यवस्था पनि मिलाएको छ । पछिल्लो समय डा. पोखरेलका शिष्यहरूले सञ्चालन गरेका अन्य अस्पतालहरूबाट पनि गुणस्तरीय सेवा पाइरहेकाले अन्धोपन निवारणमा प्राप्त भएको यो सफलता उदाहरणीय भएको छ ।

कुनै पनि क्षेत्रमा सफलताका लागि डा. पोखरेलको सूत्र सामान्य छन् । उनी बुँदागत रूपमै भन्छन्- लगतशीलता, हिसाबको पारदर्शिता, इमानदारिता, विश्वास अनि संचार । संस्था सञ्चालकमा यी गुण भएमा सफलता गाह्रो नभएको उनको अनुभवसिद्ध ज्ञान छ । आफूले दिएको सहयोगको सदुपयोग हुन्छ कि हुँदैन भन्ने शंका दातामा भयो भने संस्था अघि बढ्न नसक्ने उनको ठहर छ । सहकर्मी तथा दातासँग नियमित सम्पर्कमा रहेर भए गरेका कामको जानकारी दिइरहनुपर्ने आवश्यकता पनि उनी देख्दछन् । यसबाट विश्वास बढ्ने र त्यो विश्वासले भविष्यको यात्रा तय गर्न सजिलो पर्ने उनी बताउँछन् ।

आँखा उपचारमा सफलता प्राप्त भएपछि नेपालबाट बर्सेनि दर्जनौंको संख्यामा नेपालीहरु डाक्टरी पढ्नका लागि विदेश जानुपर्ने बाध्यता हटाउने उद्देश्यले उनले नेपालको पहिलो निजीस्तरको मेडिकल कलेज काठमाडौं मेडिकल कलेज साझेदारीमा संचालनमा ल्याए । यो कलेज पनि अहिले सफलताका साथ संचालन भइरहेको छ । यसैगरी प्राविधिक शिक्षामा पनि गुणस्तर दिन हिमालयन इन्स्टिच्युट अफ साइन्स एन्ड टेक्नोलोजी संचालन गरेका छन् । काठमाडौं मेडिकल कलेजको व्यवस्थापन उनकी पत्नी शोभनाले सम्हालेकी छन् भने इन्जिनियरिङ कलेजको जिम्मेवारी छोरी पूजाले । उनी बिहान काठमाडौं मेडिकल कलेजमा कक्षा लिन्छन्, दिउँसो नेत्रज्योति संघको काममा तल्लीन हुन्छन् भने बेलुका एभरेष्ट नर्सिङ होमको क्लिनिकमा आँखा उपचारमा सक्रिय हुन्छन् ।

डा. पोखरेलको जन्म धनकुटाको बौद्धिक परिवारमा भएको थियो । उनका हजुरबुबा पुराण भन्न सक्ने विद्वान थिए भने बाबु प्रसिद्ध कविराज । नरपति शर्मा पोखरेल बनारस हिन्दू विश्वविद्यालयबाट पहिलो ब्याचमा आयुर्वेदमा आचार्य गर्ने पहिलो नेपाली थिए । राणा शासनकालमा सरकारी



जागिर खानेलाई संस्कृत पढेकोलाई ३० रुपियाँ र अंग्रेजी पढेकोलाई १५० रुपियाँ तलब तोकिएकोमा नरपतिलाई पीडा हुन्थ्यो । त्यसै पीडाकै कारण संस्कृत शिक्षाको महत्व बुझेको भए पनि उनले आफ्नो छोरालाई अंग्रेजी पढ्न प्रेरित गरेका थिए । आफू चिकित्सक बन्नुमा बाबुको प्रेरणाले पनि ठूलो काम गरेको डा. पोखरेल सम्झन्छन् । नरपति कविराजका साथै कवि पनि थिए । बाबुकै प्रेरणा र पछि लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल लगायतका कविहरूको संगतले डा. पोखरेलले पनि कविता सिर्जना गरेका छन् । सुरूका दिनमा संस्कृत शिक्षा पढेका उनी संस्कृत बुझ्न सक्छन् र व्याकरणको ज्ञान पनि छ । त्यसै ज्ञानलाई उपयोग गर्दै उनले अहिले पनि बेलाबेलामा छन्दमा कविता सिर्जना गर्ने गरेका छन् ।

लन्डनमा अध्ययनरत रहँदा उनको प्रेम कास्की घान्द्रुकको शोभना गुरूङसँग भयो । त्यो प्रेमलाई उनले काठमाडौं फर्केपछि विवाहमा परिणत गरे । पण्डित परिवार भए पनि धनकुटाका पोखरेलहरु उदार प्रवृत्तिका भएकाले अन्तरजातीय विवाहलाई बाबुआमाबाट स्वीकृति मिलेकोले खासै संघर्ष गर्नु परेन । अहिले एक छोरी, ज्वाइँ र एक नातिका साथ उनको पारिवारिक जीवन सुखमय बितिरहेको छ ।

सायद बाबुबाजेकै कारण हुनसक्छ डा. पोखरेलमा सुरूदेखि नै आध्यात्मिक भावना छ । त्यसैअनुसारको आचरणलाई उनले अहिलेसम्म अपनाइरहेका छन् । आध्यात्मिक सोचलाई अगाडि बढाउने उद्देश्यले उनले भक्तपुरको गुण्डुमा झन्डै ८ करोड लागतमा पाइलट बाबा आश्रम र सोमनाथ मन्दिर स्थापना गरेका छन् । यसमा जग्गादेखि निर्माणसम्म प्रायः आफ्नै खर्च लगाइएको र थोरै मात्र अन्य दाताले मद्दत गरेको जानकारी उनले दिएका छन् । आध्यात्मिक चिन्तक भएकाले उनी खानपानमा शाकाहारी नै रूचाउँछन् तर यस मामिलामा कट्टर भने छैनन् । माछा, कुखुरा आक्कलझुक्कल खाने उनी मासु खानै नहुने कट्टरवादी छैनन् । कहिलेकाहीं खाँदा माछामासुले खराबी नगर्ने उनको बुझाइ छ । आध्यात्मिक दृष्टिकोणले कसैको हत्या गर्नु पाप हो तर अरूले हत्या गरिसकेको जनावरको मासु खाँदा दोष नलाग्ने उनको विश्लेषण छ ।

आँखा उपचारको क्षेत्रमा लागेर उनले अहिलेसम्म पाएको ठूलो पुरस्कार पोर्चुगलको चम्पालिमाउड फाउण्डेशनले प्रदान गरेको २०१३ को एन्टोनीओ चम्पालिमाउड भिजन अवार्ड हो । करिब १५ करोड नेपाली रुपैयाँबराबरको यो पुरस्कारलाई उनले नेपाल नेत्रज्योति संघअन्तर्गतकै अस्पतालको स्तर उन्नति र सञ्चालनका लागि खर्चिएका थिए ।

■ **व्याकुल पाठक**



## प्रकृति र पर्यटकको समिश्रण

# बुद्धमाया गार्डेन

भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी केवल बौद्धमार्गीका लागि मात्र हैन मानव संस्कृति, सभ्यता र बुद्धबारे जिज्ञासा राख्ने सम्पूर्णका लागि आकर्षणको केन्द्र बन्दै गएको छ । यहाँ आउने पर्यटकको संख्या वृद्धि भएसँगै सुविधासम्पन्न होटल, लजहरु खुल्ने क्रम पनि बढिरहेको छ । यस क्षेत्रमा रहेका पर्यटक विश्रामस्थलमध्ये बुद्धमाया गार्डेन रिसोर्ट होटल अग्रपंक्तिमा आउँछ । विश्व सांस्कृतिक सम्पदास्थल सूचीमा सूचीकृत भगवान बुद्धको जन्मस्थल मायादेवी मन्दिरबाट मात्र १५ मिनेट हिंडाइमा पुग्न सकिने लुम्बिनी र भैरहवा क्षेत्रको सबैभन्दा ठूलो बुद्धमाया गार्डेन रिसोर्ट होटल नेपालको प्रसिद्ध KGH Hotel समूहले सन् २००२ देखि व्यवस्थापन र सञ्चालन गर्दै आइरहेको छ ।

९ बिगाहा जमिनमा फैलिएको यस होटलमा ८५ वटा वातानुकुलित सुविधासम्पन्न कोठाहरु, कन्फरेन्स हल, ठूलो फायर प्लेससहितको रेस्टुरेन्ट बार छ भने होटलको आफ्नै ध्यानकक्ष र बुद्ध मन्दिर रहेको छ । यस होटलको विशेषता भनेको यहाँ हर्रो, बर्रो, निम, साख आदि बुद्धकालीन रूखहरुरोपिनुका साथै मायादेवी मन्दिरमा रोपिएको एतिहासिक बोधिवृक्षबाट टिस्युकल्चर गरी उत्पादन गरिएका वृक्ष रोपिएको छ, जसको ठीक सामु चैत्यको रूपमा जमिनमा माटो खनेर विशाल कमल पोखरी निर्माण गरिएको छ । यस्तो जलचैत्य अन्त कतै बनेको छैन ।

यस होटलका अपरेसनल म्यानेजर सुरज गुरूङका अनुसार यहाँ सीता, इन्ट्रापिट र रोयल माउन्टेनजस्ता ट्राभल कम्पनीहरूले धेरैजसो विदेशी मूलका पर्यटकहरु यही होटलमा मात्र ल्याउँछन् र बौद्धमार्गी पर्यटकहरु नेपाल, भारत र थाइल्यान्डका एजेन्टहरूका माध्यमबाट आउँछन् । होटलमा बस्न आउने पर्यटकमध्ये १५ प्रतिशत जति नेपाली हुने गरेको जानकारी पनि गुरूङले दिए ।

भर्खरै इलेक्ट्रोनिक इन्जिनियरिङको पढाइ सिध्याएका काठमाडौंका मुकेश श्रेष्ठ लुम्बिनी घुम्न आउँदा बुद्धमाया होटलको रेष्टुरेन्टमा चिया खाइरहेको अवस्थामा भेटिए । यो होटलको एक फन्को लगाइसकेका उनीसँग जिज्ञासा राख्दा भने- 'मलाई यो होटलको सबै पक्ष एकदम चित्त बुझ्यो । लुम्बिनी बगैंचाको परिसरमा









प्रकृति संरक्षणलाई ध्यान दिई यो होटल निर्माण गरिएको रहेछ । होटलभित्र पस्नासाथ राष्ट्रिय निकुञ्जभित्र पसेजस्तो अनुभव मलाई भयो । कोठाहरु पनि हेरें, धेरै राम्रो बनाइएको रहेछ । प्रकृति र पर्यटकको समिश्रणले एउटा अलग्गै वातावरण सिर्जना हुने रहेछ, जुन मैले यहाँ प्रत्यक्ष अनुभव गरें ।'

हाल जागिरको खोजीमा रहेको बताउने मुकेश जागिर पाएपछि पुनः लुम्बिनी घुम्न आउने र त्यतिबेला अवश्य बुद्धमायामा विश्राम गर्ने इच्छा व्यक्त गरे । मुकेशजस्तै चाहे विदेशी हुन् वा स्वदेशी पर्यटक बुद्धमाया होटल पहिलो रोजाइ हुने गरेको यस होटलका अपरेसनल म्यानेजर गुरूङ बताउँछन् ।

On couple basis for one day and one night stay:
For Foreigners approx. rate : USD 80 - 120
For Nepalese approx. rate : Rs. 4,000 - 5,000

Contact : Kathmandu : Satish Shrestha (9801033107)
Lumbini : Budhi Thapa (9802643100)





# होङ स्याङ होटलमा हनान स्वाद



तस्वीर : अजय देशार

नेपालमा चिनियाँ खानाका पारखी बढ्न थालेका छन् । यसै मागलाई लक्ष्यित गरी चिनियाँ खाना पाइने रेष्टुरेन्ट पनि बढ्दै गएका छन् । यसमध्ये काठमाडौंको बिजुलीबजारस्थित होङ स्याङ होटल पनि एक हो । एक वर्षअगाडि स्थापित यस होटलमा चिनियाँ खानाका अलावा बस्नको लागि भीआइपी रूमदेखि किंगसाइजका रूम समेत रहेका छन् । एसीसहितको चौबिसै घण्टा तातो तथा चिसो पानीको व्यवस्था भएको व्यवस्थित होङ स्याङ होटल चिनियाँ खाना र चिनियाँ सत्कारको सम्पूर्ण व्यवस्थासहितको होटल भएको दाबी चिनियाँ व्यवस्थापक केटाकेको छ । प्रायः चिनियाँ खानाका लागि आवश्यक सामग्री चीनबाट ल्याइने यस होटल हाल चिनियाँ पयर्टकको अलावा नेपालीहरूको पनि रोजाइ बन्न थालेको छ । चीनको हनान प्रान्तको खानेकुरा यस होटलमा विशेष पाइने गरेको छ ।

चिनियाँ खानाको स्वाद लिन नेपाली फिल्मका चर्चित अभिनेता अर्जुन श्रेष्ठका साथमा हट नेपाल टीम होङ स्याङ होटल पुग्दा चिनियाँ ग्रीन-टीबाट सत्कार भयो । विशेषतः चिनियाँ कोल्ड डिस, हट डिस तथा सुप गरेर तीन आइटमका विभिन्न स्वादका चिनियाँ परिकार सर्भ गरिएको थियो ।

एकजमानाको निक्कै नै हिट फिल्म झुमा, सम्पत्ति, स्वर्ग लगायतका हिरो अर्जुन श्रेष्ठ चिनियाँ खाना चाख्दै चिनियाँ खानाको गुनगान गर्नमा व्यस्त थिए । उनी भन्दै थिए-"चिनियाँ खानामा पिरो तथा चिल्लो कम हुने गर्दछ ।



त्यसमाथि चिनियाँ खाना नेपाली र भारतीय खानाको तुलनामा रोष्टेड हुँदैन । यसले गर्दा बढी हाइजेनिक तथा स्वस्थवर्धक हुन्छ । त्यसैले चिनियाँ खानाको पारखीमध्ये म पनि एक हुँ ।"

अहिले चर्चामा रहेको ६ एकान ६ फिल्मका मुख्य हिरो श्रेष्ठले होङ स्याङ होटलमा चिनियाँ गंगटाको डिस फ्राइड क्राबस्टिक रोल एकदमै मन परेको र स्वादिष्ट भएको सुनाए । उनीसँगै आएका खलनायक प्रकाश दाहालले चिनियाँ फिस सिजर स्वादिष्ट भएको टिप्पणी गरे ।

अर्कोतर्फ होङ स्याङ होटलकी मेनेजिङ डाइरेक्टर केटाकेले खाना मनोविज्ञानमा स्नातक पनि गरेकीले कस्तो ग्राहकलाई कस्तो खाना ठीक हुन्छ भन्ने कुरा फ्याट्टै भन्न सक्ने खूबी रहेको छ । सोही मनोविज्ञानले गर्दा यस होटलमा ग्राहकको इच्छा बमोजिम चिनियाँ खाना तयार गर्ने गरिएको छ । यसले गर्दा पनि होङ स्याङ होटलको लोकप्रियता बढ्दै गएको छ ।

Average cost for a couple: 2,000/–
Room charge: 1,500–2,000/–

Contact : Jia: 9813571626
Gita: 9816602576













■ शब्द/तस्वीर : क्याप्टेन वेद उप्रेती

**यूरोपको** सबैभन्दा दक्षिणपश्चिममा रहेको एउटा सुन्दर मुलुक पोर्चुगलले संसारकै सबैभन्दा बढी देशहरूमा उपनिवेश शासन ६ सय वर्षसम्म गरेको थियो । सन् १४१५ बाट सेउटा राज्यलाई नियन्त्रण गरेको पोर्चुगलको उपनिवेश शक्ति सन् १९९९ मा मकाउलाई चाइनामा हस्तान्तरण गरेपछि समाप्त भयो ।


पोर्चुगल एक विकसित, शान्तपूर्ण, विश्वव्यापीकरण भएको सानो देश हो । यसको राजधानी लिसबोन शहर हो, जो आफैंमा पर्यटकीय शहर पनि हो । यस शहरको पुरानो र नयाँ भागमा पुराना र आधुनिक ट्र्याममा घुमेर पर्यटकहरू निकै रमाउने गर्छन् । पोर्चुगलका सुन्दर समुद्र तटहरू, प्राकृतिक सुन्दरता, लिसबोन र पोर्टो शहरहरूको आकर्षक, संरक्षण गरेर राखिएका पुराना गाउँहरू, पर्खालले घेरिएका शहरहरू, आकर्षक चिरस्मरणीय स्मारक हेरेर जोकोही पनि मन्त्रमुग्ध हुने गर्छन् ।

रमाइलो इतिहास, मिलनसार मानिस, मनमोहक पार्क र हेरिरहुँ लाग्ने समुद्री तटहरूको देश पोर्चुगल घुमेपछि जोकोहीका मानसपटलमा सधैंभरि बसिरहन्छ ।



# पोर्चुगलमा










# मन्त्रमुग्ध

# नेपालमा सुटिङ चीनमा चर्चित

सन् २०१३ को अन्तिम दिन अर्थात् डिसेम्बर ३१ देखि 'वायुभन्दा माथि' शीर्षकको चलचित्र चीनभरि औपचारिक रूपमा देखाउन थालिएको छ । यो चलचित्र मुख्य भूमिका युवा निर्देशक थङ् व्हा थाउ र ताइवानको चीनमा पुरस्कार पाएकी वरिष्ठ पटकथा लेखिका पाउ चिङ् चिङ्ले संयुक्त रूपमा बनाएका हुन् । चिनियाँ चलचित्र मञ्चमा रहेका दुईजना सक्रिय युवा अभिनेता चिङ् पो रान र युवा अभिनेत्री नी नीले बेग्लाबेग्लै गरी चलचित्रका मुख्य पुरूष र महिला पात्रको भूमिका निर्वाह गरेका छन् ।

चलचित्रमा यस्तो कथा लेखिएको छ : केही युवा युवतीबाट गठित एउटा पर्यटन टोलीले सारा विश्वको सबैभन्दा सुखी मुलुक मानिने नेपालको अवलोकन गर्ने 'सुखमय यात्रा' थालेका छन् । ती यात्राहरूमध्ये मीठा खानेकुरा सम्बन्धी विशेष लेखिका छङ् यु मङ्, धनी परिवारका छोरा वाङ् छान र भर्खरै विश्वविद्यालयबाट स्नातक भएकी युवती ली र स्युए रहेका छन् । यसबाहेक, आ-आफ्नो परिवारमा बारम्बार झगडा र विवाद मौजुद रहेका महिलाहरु र सुन्दर फोटो खिच्नुलाई मुख्य उद्देश्य बनाएका फोटोग्राफरहरु पनि समावेश छन् । के भन्न सकिन्छ भने त्यस पर्यटन टोलीका सदस्यहरूको भिन्नाभिन्नै किसिमका समस्याहरु रहेका छन् । घुम्नका लागि उनीहरु जम्मा भएर रमणीय मुलुक नेपालतर्फ प्रस्थान गर्छन् ।

पर्यटन टोलीले सुरूवातदेखि अनेकन कठिनाइहरूको सामना गर्नुपरेको छ । जस्तै टोली स्थापना गरिएपछि तुरून्तै तत्स्थानमा बिघटन गरिएको छ, मध्यरात बस्दाखेरी होटेलमा विद्युत् विच्छेद गरिएको, चुचुरोमा अवस्थित सानो अतिथि भवनमा बसेको डरलाग्दो अनुभव र तत्स्थानमा डामाडोल गतिविधि भेटिएका घटनाहरु हुन् । जति जटिल कठिनाइ भेटिए पनि टोलीका सदस्यहरूले एकले अर्काको ख्यालविचार गर्नुका साथै आपसमा सक्दो ठूलो सहयोग गरेका छन् । अनेकन जटिल घटनाहरु उत्पन्न हुने क्रममा प्रत्येक सदस्यले आफ्नो साँचो अनुहारलाई अरूसमक्ष देखाएका छन् ।

नेपाल छाड्नुअघिको अन्तिम दिनमा मुख्य पात्र अर्थात् वाङ् छान नामका धनी युवकले टोलीका अन्य सदस्यलाई प्याराग्लाइडिङ् खेल्न निमन्त्रणा दिएका छन् । उनीहरु प्याराग्लाइडिङ् बोकेर चुचुरोको किनारमा उभिंदा मनमा साह्रै डर उत्पन्न भएको देखिएका छन् । त्यस्तो अवस्थामा प्रशिक्षकले पहाडअगाडिको वनतिर औंल्याएर भन्छन् : हतार गर्नु पर्दैन, हामी वायुलाई पर्खन्छौं । केही समय पर्खेपछि अगाडिका रूखहरु वायु बहेसँगै हल्लिन थालेको देखिन्छ । त्यतिबेला सो टोलीका सबै सदस्यहरु सफलताका साथ नीलो आकाशमा उडेका छन् ।

आकाशमा उडिरहेको बेला हरेक मान्छेको मनमा विभिन्न किसिमको भावना आएको छ । वास्तवमा जीवनको यात्रा होस् वा सामान्य जीवन







बिताउँदा कुनै निर्णय वा परिवर्तन गर्ने सवालमा हतारिनु हुँदैन । विशेषतः जीवनको किनारमा पुग्दा कुनै दिशातिर जानुको सट्टा शान्त भएर वायुलाई पर्खनु अझ उपयुक्त हुन्छ ।

छुट्टै विशेषतायुक्त प्याराग्लाइडिङ्को अनुभव गरेपछि हरेक मानिसले यथावत रूपमा आ-आफ्नो सामान्य जीवनलाई निरन्तरता दिनुपर्छ । तैपनि केही रोचक र बिर्सन नसकिने स्मरणहरु पछिका दिनहरूमा उनीहरूको दिमागमा आउने सम्भावना हुन्छ । आगामी दिनहरूमा उनीहरु शान्त भएर वायुको आवाज आ-आफ्नो कानछेउ पुनः सुन्नका लागि पर्खनेछन् ।

'वायुभन्दा माथि' शीर्षकको चलचित्रमा पाँच खण्डको चार खण्डका दृश्यहरु नेपालका विभिन्न ठाउँमा खिचिएको हो । सन् २०१३ को मार्च ३ का दिन 'वायुभन्दा माथि' शीर्षकको चलचित्र छायांकन गर्ने कार्य नेपालको चितवनमा औपचारिक रूपमा सुरू भएको थियो । अनि चलचित्र छायांकन टोलीले अघिपछि गरी नेपालका चितवन, पोखरा र राजधानी काठमाडौंमा शृंखलाबद्ध रमणीय दृश्यहरु खिचेका थिए । मे २३ का दिनसम्म चितवन, पोखरा, काठमाडौं र शाङ्हाई यी चार ठाउँमा रहेका चलचित्रका शाखा तयारी टोलीहरूको काम सम्पन्न भएको थियो ।

सन् २०१३ को डिसेम्बर २६ का दिन 'वायुभन्दा माथि' चलचित्रले पैचिङ्मा प्रथम प्रसारण समारोहको आयोजना गरेको थियो । त्यस समारोहमा निर्देशक थङ् व्हा थाउ, पटकथा लेखिका पाउ चिङ् चिङ्, खानेकुरा सम्बन्धी विशेष लेखिका छङ् यु मङ्को अभिनय गरेकी युवा अभिनेत्री नी नी र धनी परिवारका छोरा वाङ् छानको अभिनय गरेका युवा अभिनेता चिङ् पो रानको उपस्थिति थियो । उनीहरूले सञ्चार माध्यमसमक्ष चलचित्र बनाउने क्रममा देखा परेका विभिन्न रोचक घटनाहरूबारे जानकारी दिएका थिए । अनि सन् २०१३ को अन्तिम दिन अर्थात् डिसेम्बर ३१ देखि 'वायुभन्दा माथि' चलचित्र चीनभरि एकैसाथ औपचारिक रूपमा प्रसारण गरिएको छ । यो चलचित्रले चीनमा राम्रो बजार लिएको छ ।

*(साभार : सीआरआई नेपाली सेवा)*






> मानव जातिले चन्द्रमा अन्वेषण गर्नका लागि ‘अन्वेषण’, ‘अवतरण’, ‘बसाइ’ गरी तीनवटा चरण पालना गर्ने गरिन्छ। चीनले चन्द्रमा अन्वेषण गर्ने परियोजनाले पहिलो पाइला अर्थात् ‘चन्द्रको अन्वेषण’लाई ‘चक्कर लगाउने’, ‘अवतरण गर्ने’, ‘फिर्ता हुने’ गरी तीन वटा ठोस चरणमा विभाजन गरिएको छ।

# चन्द्र अन्वेषणमा चीनको फड्को




तस्वीर : सीसीटीभी


पैचिङ् समयबमोजिम सन् २०१३ डिसेम्बर २ का दिन १:३० बजे चीनले सी छाङ उपग्रह प्रक्षेपण केन्द्रमा 'छाङ चङ तीन नम्बर ख' रेकट मार्फत् 'छाङ् व्हो तीन नम्बर' चन्द्र अन्वेषण यानलाई प्रक्षेपण गर्न सफल भएको छ ।


छाङ् व्हो तीन नम्बर चन्द्र अन्वेषण यान अवतरण यान र निरीक्षण यान अर्थात् चन्द्रमाको परिक्रमा गर्ने यानद्वारा गठित भएको हो । छाङ् व्हो एक नम्बर र दुई नम्बरसित छुट्टिएर छाङ् व्हो तीन नम्बर उपग्रह अर्थात् 'अन्वेषण यान' भनिएको छ ।

सन् २०१३ नोभेम्बर २६ मा चन्द्रमाको परिक्रमा गर्ने यानलाई 'यु थु' नाम दिइएको थियो । चीनको पहिलो चन्द्रमाको परिक्रमा गर्ने यानका लागि विश्वभरि नामको संकलन कार्यक्रममा लगभग ६ लाख ५० हजार जना इन्टरनेट प्रयोगकर्ताले यसको नाम 'यु थु' हुनुपर्ने भनेर अभिमत दिएका थिए ।

छाङ व्हो तीन नम्बर चन्द्र अन्वेषण यानको भार लगभग ३.८ टन छ । चन्द्र सतहमा सफ्ट ल्याण्डिङ भएपछि 'यु थु' नम्बरले तीन महिनासम्म वैज्ञानिक अन्वेषण गर्नेछ ।

मानव जातिले चन्द्रमा अन्वेषण गर्नका लागि 'अन्वेषण', 'अवतरण', 'बसाइ' गरी तीनवटा चरण पालना गर्ने गरिन्छ । चीनले चन्द्रमा अन्वेषण गर्ने परियोजनाले पहिलो पाइला अर्थात् 'चन्द्रको अन्वेषण'लाई 'चक्कर





लगाउने', 'अवतरण गर्ने', 'फिर्ता हुने' गरी तीन वटा ठोस चरणमा विभाजन गरिएको छ ।

चन्द्रमामा चक्कर लगाउने परियोजना छाङ् व्हो एक नम्बरद्वारा पूरा गरिएको छ । 'चन्द्रमामा चक्कर लाउने' कार्य पूरा भएपछि 'चन्द्रमा अवतरण' चरणमा प्रवेश गरिएको छ । 'चन्द्र अवतरण' कार्य छाङ् व्हो तीन नम्बरद्वारा पूरा गरिएको हो ।

छाङ् व्हो एक नम्बर र दुई नम्बरको तुलनामा छाङ् व्हो तीन नम्बर अन्वेषण यानको जटिल प्राविधिक माग र डिजाइन छ । छाङ् व्हो तीन नम्बर अन्वेषण यान अवतरण यान र निरीक्षण यानबाट गठित भएको छ । निरीक्षण यान अर्थात् चन्द्रमाको परिक्रमा गर्ने यान नौ वटा शाखा प्रणालीबाट गठित भएको छ । अवतरण यान चन्दको सतहको सफ्ट ल्याण्डिङका लागि खासगरी बनाइएको अन्तरिक्ष चौतारो भएको हो । अवतरण यानका एघार वटा शाखा प्रणाली छन् ।

छाङ् व्हो तीन नम्बर अन्वेषण यान रेकटमार्फत् प्रक्षेपण गरिएपछि चौध दिनसम्म उडेर चन्द्रको साइनस इरिडममा सफ्ट ल्याण्डिङ भएको छ । त्यसपछि अवतरण यान र निरीक्षण यानले छुट्टिएर चन्द्रमामा स्वतन्त्र रूपमा अन्वेषण कार्य गर्ने छन् ।

पहिलेका अन्तरिक्ष यानहरूको तुलनामा छाङ् व्हो तीन नम्बरको सबैभन्दा ठूलो विशेषता पृथ्वीबाहिरको खगोलीय पिण्डमा सफ्ट ल्याण्डिङ भएको र चन्द्रको सतहमा अन्वेषण गर्ने भन्ने हो । यसबाट चीनको अन्तरिक्ष इतिहासमा अर्को 'पहिलो' इतिहास कायम गरिएको छ ।

अन्तरिक्षमा छाङ् व्हो तीन नम्बरका तीनवटा लक्ष्य छन् । पहिलो, चन्द्रमा सफ्ट ल्याण्डिङ पूरा भएको छ र चन्द्रमा अन्वेषण गरिने छ । दोस्रो, चन्द्रमा सफ्ट ल्याण्डिङको अन्वेषण यान र निरीक्षण यानको अनुसन्धान गरिनेछ । तेस्रो, चन्द्रमाको अन्वेषणसम्बन्धी अन्तरिक्ष परियोजनाको आधारभूत प्रणालीको स्थापना गरिनेछ ।

यसबाहेक, छाङ् व्हो तीन नम्बरले चन्द्रमाको सतहको आकार र भौगोलिक अवस्थाको जाँचबुझ गर्ने, चन्द्रमाको सतहको पदार्थ र प्रयोग गर्न सकिने स्रोतसाधनको जाँचबुझ गर्ने, अन्तरिक्ष वातावरणको अन्वेषण आदि गर्नेछ । ती जाँचबुझ र अन्वेषणले भविष्यमा चन्द्रमामा अन्वेषणसम्बन्धी चीनको कार्यका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

'छाङ् व्हो तीन नम्बर' चन्द्र अन्वेषण यान र 'छाङ चङ तीन नम्बर ख' रकेट चिनियाँ अन्तरिक्ष विज्ञान तथा प्रविधि समूहद्वारा समन्वय र अनुसन्धान गरिएका हुन् । 'छाङ् व्हो दुई नम्बर' उपग्रह र रकेटको तुलनामा यस पटक प्रक्षेपण गरिएको रकेटमा धेरै प्रविधि परिवर्तन भएको छ । रकेटको सुरक्षा क्षमता बढाइएको छ । यस पटकको प्रक्षेपण छाङ चङ रकेटको १८६ औं प्रक्षेपण हो ।

*(साभार : सीआरआई नेपाली सेवा)*

# पोताला दरबार

## विश्वको उच्च पहाडमा रहेको मणि

पोताला दरबार चीनको तिब्बत स्वायत्त प्रदेशको सदरमुकाम ल्हासा शहरको केन्द्रमा अवस्थित होंग शान पहाडमा पर्दछ । पोताला दरबार निकै ठूलो र शानदार देखिन्छ । यसलाई 'विश्वको सबैभन्दा अग्लो पहाडको मणि' भनिन्छ । पोताला दरबार तिब्बती जातिहरूको वास्तुको उत्कृष्ट नमूना हुनुका साथै प्राचीन चीनका सबैभन्दा प्रसिद्ध वास्तुहरूमध्येको एक पनि हो ।

पोताला दरबार तिब्बतका दलाई लामाहरूले राजनैतिक, धार्मिक गतिविधि सञ्चालन गर्ने स्थान हुनुका साथै दलाई लामाहरु बस्ने ठाउँ पनि हो, जुन हालसम्म तिब्बतमा संरक्षित प्राचीन कालको सबैभन्दा ठूलो वास्तु हो । सम्बन्धित सामग्रीमा लेखिएअनुसार, पोताला दरबारको निर्माण सातौं शताब्दीको थु पो राज्यको 'सोंग चान कान बु' को शासनकालमा गरिएको थियो । त्यसबेला पोताला दरबारलाई होंग शान दरबार भनिन्थ्यो । यो दरबार निकै ठूलो छ । यसको बाहिरपट्टि तीनवटा पर्खाल छन् भने दरबारभित्र एक हजारभन्दा बढी कोठा छन्, जुन त्यस बेलाको थु पो राज्यको राजनीतिक केन्द्र पनि थियो । नवौं शताब्दीमा थु पो राज्यको अन्त्य भएपछि तिब्बत लामो समयसम्म युद्धको अवस्थामा आइपरेको थियो । त्यसपछि यस दरबारमा पहिलेको जस्तो रमाइलो वातावरण पनि रहेन ।

सन् १६४५ मा पाँचौं दलाई लामाले पोताला दरबारको पुनर्निर्माण कार्य थालेका थिए । त्यसपछि विभिन्न कालका दलाई लामाहरूले पनि पोताला दरबारको पुनर्निर्माण कार्य गरेका थिए । पोताला दरबारमा तेह्र तला छन् र यसको उचाई ११० मिटर छ । पोताला दरबारका भित्ता सबै बाक्लो ईंटद्वारा बनाइएका छन । भित्ताको सबैभन्दा बाक्लो ठाउँ पाँच मिटर जति बाक्लो छ । यस भित्तालाई भूकम्प प्रतिरोध गर्नसक्ने गरी निर्माण गरिएको छ । पोताला दरबार सयौं वर्षदेखि बिजुली र भुइँचालोको परीक्षामा उत्तीर्ण हुँदैआएको छ र हालसम्म पनि यो ज्यादै शानदार देखिन्छ । पोताला दरबार मुख्य गरी पूर्वी भागमा रहेको सेतो दरबार, मध्य भागमा रहेको रातो दरबार र पश्चिमी भागमा रहेको सेता आवासहरु मिलेर बनेको छ । रातो दरबारअगाडि एउटा अग्लो र सेतो भित्तो छ । वौद्ध धर्मसम्बन्धी चाड-पर्वका बेला यी भित्तामा ठूल्ठूला ब्यानरहरु झुण्ड्याइन्छन् । विभिन्न कालका दलाई लामाहरूले आफ्नो विशेषता अनुसार पोताला दरबारको निर्माण गरे पनि यो दरबार पहाडको टुप्पामा भएकाले समस्त दरबार निकै शानदार र भव्य देखिन्छ । यो दरबार वास्तुकलाका क्षेत्रमा निकै उच्च स्तरमा पुगेको देखिन्छ । रातो दरबार पोताला दरबारको मुख्य भाग हो । यहाँ विभिन्न वंशका दलाई लामाका चिहान अर्थात् स्तूपहरु पनि छन् । यी स्तूपमध्ये पाँचौं दलाई लामाको चिहान सबैभन्दा सुन्दर छ । यो स्तूप पन्ध्र मिटर जति अग्लो छ । स्तूपको माथिल्लो भाग गोलो छ भने तल्लो भाग चारकुने आकारको छ । पाँचौं दलाई लामाको शवलाई सुख्खा पारिएपछि यस स्तूपमा राखिएको छ । स्तूपको बाहिरपट्टि रङ्गीचङ्गी गहनाहरु झुण्ड्याइइएका छन् । ३७२४ किलोग्राम सुनको मोलम्मा लगाइएको यस स्तूपमा पन्ध्र हजारभन्दा बढी गहनाहरु टाँसेर राखिएको छ । स्तूपको तल्लो भागमा विभिन्न आकारका भाँडा र वेदीहरु राखिएका छन् । स्तूपको छेउमा एउटा ठूलो कोठा छ । यस कोठामा ४८ वटा ठूला थाम छन् । हरेक थाम छ मिटरभन्दा अग्लो छ । थाममा मूर्ति अनि सिंह र हात्ती आदिका चित्रहरु पनि कुँदिएका छन् । सत्रौं शताब्दीमा पोताला दरबारको पुनर्निर्माण र विस्तार गर्ने





क्रममा तिब्बतका धेरै उत्कृष्ट चित्रकारहरूले दरबारको भित्तामा थुप्रै सुन्दर भित्तेचित्रहरूको सिर्जना गरेका थिए । उनीहरूले ठूला-साना दरबारका भित्ताहरु, ढोकाहरु र बाटामा पनि रङ्गीचङ्गी चित्रहरु कुँदेका थिए । यी चित्रहरूमा ऐतिहासिक व्यक्तिहरूका कथा, बुद्ध धर्मशास्त्रमा लेखिएका किंवदन्तीहरु र वास्तु, रीतिरिवाज, खेलकुद तथा मनोरञ्जन समारोहलगायत जीवनका विभिन्न क्षेत्रका विषयहरु पनि समावेश छन् । यी चित्रहरूले पोताला दरबारमा उच्च स्थान ओगटेका छन् ।

यसका अतिरिक्त, पोताला दरबारमा सत्रौं शताब्दीदेखि यताका दश हजारवटा जति पुराना चित्रहरु र ढुङ्गा, काठ वा माटोबाट बनाइएका मूर्तिहरु पनि राखिएका छन् । साथै पोताला दरबारमा तिब्बती जातिका परम्परागत हस्तकलाका वस्तुहरु पनि समावेश छन् । कलाको दृष्टिकोणबाट हेर्दा यी वस्तुहरूको उच्च मूल्य रहेको छ । यी वस्तुहरूबाट एक हजार वर्षभन्दा बढी समयदेखि यता तिब्बती जाति र हान जातिबीचको मैत्रीपूर्ण आवतजावत र साँस्कृतिक आदानप्रदानको लामो इतिहास पनि प्रतिबिम्बित गरिएको छ । 'विश्वको उच्च पहाडमा रहेको मणि'को नाउँ पाएको पोताला दरबार आफ्नो विशेषता, वास्तुशैली, भित्तेचित्रहरु र मूर्तिहरूले विश्वमा प्रख्यात छ । पोताला दरबारमा तिब्बती, हान, मंग र मान जातिका सर्वश्रेष्ठ कलाकारहरूको उच्च गुणस्तर र तिब्बती जातिको वास्तुकलाको महानता पनि प्रतिबिम्बित भएको छ । सन् १९९४ मा युनेस्कोले पोताला दरबारलाई साँस्कृतिक सम्पदाको रूपमा विश्व सम्पदा सूचीमा समावेश गरेको छ ।

*(साभार : सीआरआई नेपाली सेवा)*



# विदेशमा मेसेन्जर



नेपाली पप-संगीतमा बेग्लै छवि कायम गर्न सफल म्युजिक ब्याण्डको नाम हो मेसेन्जर । यही ब्याण्डबाट गायक राजेश हमालले प्रत्येक वर्षजसो नयाँ एल्बम निकाल्ने गरेका छन् । पछिल्लो समय नयाँ गीति-एल्बम मेसेन्जर भाग-४ पनि सार्वजनिक भइसकेको छ ।

२०५२ सालमा स्थापित मेसेन्जर ब्याण्डमा बेला बेलामा उतारचढाव पनि देखिंदै आएको छ । यस ब्याण्डका ब्याण्ड मेम्बरहरु समयसँगै कोही कता पुगे र पलायन भए, त्यसको लेखाजोखा नभए पनि यस ब्याण्डलाई निरन्तरता दिने कार्य गायक राजेश हमालबाट भइरहेको छ । प्रत्येक एल्बमको नाम ब्याण्डबाटै राख्न रूचि राख्ने गायक हमालको गायनको टर्निङ-प्वाइन्टको रूपमा मेसेन्जर भाग-४ मानिएको छ ।

मेसेन्जर भाग-४ मा तिम्रो यादले, माया माया, तिमीविना पनि, चिसो रात र माया देऊ बोलका पाँच गीतमा हमालको गायन रहेको छ । बाँकी पाँच गीत अर्का गायक समीर हमालले गाएका छन् । नातामा राजेश र समीर दाजुभाइ हुन् । रिदम ट्रेडर्सले बजारमा ल्याएको





# नायकसँग नाम मिल्दा हैरान

राजेश हमाल, गायक



नायक राजेश हमालसँग नाम मिल्दा कतिपय ठाउँमा हैरान बनिन्छ त कतिपय ठाउँमा रमाइलो पनि हुन्छ । मेरो र महानायक राजेश हमालको नाम एउटै भएकोले फोन आएर हैरानै हुने गर्दछ । त्यो हैरानी फुर्सद भएको बेला त रमाइलो नै हुने गर्दछ । बेफुर्सदी भएको बेला त बेहाल नै हुने गरेको छ ।

कुरो २०४९-०५० सालतिरको हो । त्यतिखेर भर्खर-भर्खर म यो ग्लेमर फिल्डमा आएको थिएँ । त्यतिबेला आजजस्तो मोबाइलको सुविधा थिएन । ल्याण्डलाइन फोन नै थियो । घरको फोन मेरै नाममा थियो । त्यो बेला महानायक हमाल हिट हुँदै थिए । उहाँको फ्यान यति धेरै थिए कि त्यसको प्रभाव मलाई समेत पर्‍यो । उहाँका प्रायः फ्यानले त्यतिबेला आकस्मिकमा फोन गरेर उहाँको नम्बर माग्थे । आकस्मिकले झुक्किएर हो या अरू कुनै कारणले मेरै नम्बर दिन्थ्यो । यसले गर्दा महानायक हमालका प्रायः फ्यानहरूको फोन मलाई आउने गर्दथ्यो । ए बाबा... म नायक राजेश हमाल होइन, गायक राजेश हमाल भन्दा पत्याउँदै पत्याउँदैनन् । हामीलाई गायक भनेर झुक्याउने ? तपाईंलाई लाज लाग्दैन भनेर उल्टै गाली गर्छन् ।

त्यसरी गाली गरेपछि हैरानै भएर कतिपल्ट महानायक हमालका विशेष गरेर केटी फ्यानहरूसँग कुरा गर्न बाध्य भएँ । वर्षौंसम्म पनि उनीहरूले मसँग नायक भनेरै कुरा गरे । म नायक होइन, मेसेन्जर ब्याण्डको गायक भनेर भेट्नै बोलाएपछि बल्ल उनीहरूले पत्याए । २०५२ सालमा आएर गायनको माध्यमबाट म पनि बुम भएँ । सबैले मलाई पनि गायक राजेश हमाल भनेर चिन्न थाले । हाम्रो मेसेन्जर ब्याण्ड पनि निक्कै हिट भयो । सबैले मलाई मेसेन्जर ब्याण्डका भोकलिष्ट भनेर चिने । नायक राजेश हमालका फ्यान जस्तै मेरो पनि फ्यान बढ्न थाले । केटाभन्दा केटी फ्यान नै बढी छन् । मेरा सबै फ्यान मेरा भगवान् हुन् ।

मेसेन्जर भाग-४ अगाडि गायक हमालले मेसेन्जर भाग-१ देखि भाग-३ सम्म निकालिसकेका छन् ।

मेसेन्जरको अर्थ समाजमा सकारात्मक सन्देश प्रवाह गर्नु हो । गीत-संगीतको माध्यमबाट समाजमा सकारात्मक सन्देश प्रवाह गर्न आफूहरु कटिबद्ध रहेको गायक हमालले बताएका छन् । मेसेन्जर ब्याण्डमा गायक हमालको अलावा डिजे रविन राजभण्डारी, गायक समीर हमाल हाल क्रियाशील छन् । हङकङ, मलेसिया, दुबईलगायतका मुलुकहरूमा कन्सर्ट दिने तयारीमा रहेका छन् ।

हाल गायक हमाल रिभेल प्रा.लि. नामक कम्पनीसँग पनि आबद्ध रहेका छन् । उक्त कम्पनीमा हमाललाई कुवेर कार्कीको पनि साथ रहेको छ । हमालको रिभेल प्रा.लि.ले नेपाली कलाकारहरूलाई विभिन्न सभा तथा समारोह अनि उत्सवमा उतार्ने कार्य गर्दै आएको छ । इभेन्ट म्यानेजमेन्टको कार्य गर्दै आएको रिभेल प्रा.लि.का प्रमुख कार्यकारी अधिकृत समेत रहेका गायक हमालले विभिन्न उत्सवमा नेपाली कलाकारहरूको निकै माग रहेको बताएका छन् ।

नेपाली पप-ब्याण्डहरु तुलनात्मक रूपमा पहिलाजस्तो हट हुन नसके पनि कोल्ड पनि नबनेको अनुभव सुनाउने हमाल यसो हुनुमा व्यावसायिकताको अभाव भएर हो भन्छन् । त्यसको अलावा विदेशमा जस्तो पप-ब्याण्डहरूलाई संरक्षण गर्ने उचित निकाय नभएर पनि हो भन्न उनी चुक्दैनन् । अर्कोतर्फ पप-ब्याण्डले सामाजिक मेसेज दिन नसकेर पनि त्यसो भएको बताउने उनी मेसेन्जर ब्याण्ड सकारात्मक सन्देशबाहक ब्याण्ड हो भनेर परिचय दिन्छन् । हरेक इभेन्ट र एल्बमबाट कुनै न कुनै प्रकारका सकारात्मक सन्देश दिन आफ्नो ब्याण्ड सफल भएको दाबी पनि उनी गर्छन् ।


Wood Carving Industries Pvt. Ltd.
Patan Industrial Estate, Lagankhel, Lalitpur, Nepal
Tel:977-1-5521447, 5523768 Fax: 977-1-5527730
Email: info@woodcarving.com.np
www.woodcarving.com.np


पर्यटन, संस्कृति र विकास
तबमात्र हुन्छ निकास
गन्तव्य खोज्ने पहिलो यात्रा
कार्यक्रम सहयात्रा
पर्यटन, संस्कृति र विकासको मात्रा
मन्थन गर्छ कार्यक्रम सहयात्रा
सह यात्रा
हरेक मंगलबार साँझ ६.३० बजे
पुन: प्रसारण बुधबार बिहान ११.३० बजे
प्रसारण टेलिभिजन: हिमालयन टेलिभिजन
Chanda Producation
Sankhamul, Kathmandu, Tel: 01-4782983
Email: chandaproduction12@gmail.com

www·radiosarangi·com













Radio Sarangi 101.3 MHz, Indrapur-8, Biratchowk, Morang
+977 021 546063, 546073
CORPORATE OFFICE : **Radio Sarangi Network**
Babarmahal, Kathmandu, Nepal, Ph.: 01-4241202
www.radiosarangi.com, info@radiosarangi.com

# Here Understand China Better




INAUGURAL PRICED EDITION

Issue 07 | February 2014 | 8 Pages | Rs. 10.00

Subcription

Tel: 4434475

Mobile: 9818852676

Email: xinhuaktm@gmail.com

A New Window, A New Platform

**Share Your Story**

**Promote Your Brand**

APD ASIAPACIFIC DAILY

XINHUA

新华社
加德满都分社
सिन्हवा न्युज एजेन्सी
काठमाण्डौ